# संघीय संसद

# राष्ट्रिय सभा

# तेह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १३ वैशाख २०८०

# बुधवार

# बैठक सङ्ख्या- १८, दोस्रो

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १४:०२ बजे प्रारम्भ भयो ।

**(१४:०३ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, १४ मिनेटको लागि स्थगित भएको राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म जरुरी सार्वजनिक महत्त्वको प्रस्तावका समर्थक माननीय सदस्यहरूलाई उक्त प्रस्तावको समर्थन गर्न क्रमशः समय उपलब्ध गराउँछु । प्रत्येक समर्थक माननीय सदस्यहरूलाई ५ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय अनिता देवकोटा ।

**(१४:०३ बजे)** **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, जरुरी सार्वजनिक महत्त्वको प्रस्तावको म पूर्ण रूपमा समर्थन गर्न चाहन्छु । सम्माननीय अध्यक्षज्यू, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै हामीले धेरै पटक व्यवस्थाहरू परिवर्तन गर्‍यौं । तर नागरिकको अवस्था परिवर्तन गर्न सकेनौं । अहिले पनि नागरिकहरूले सोचे अनुरूपको आफ्नो जीवन पद्दतिमा संघीय लोकतान्त्रिक गणतन्त्र आएको नेपाली जनताको लामो तपस्यापश्चात् प्राप्त गरेको संविधानले दिएका अधिकारहरूलाई सुनिश्चित रूपमा उपभोग गर्न

पाइनरहेको अवस्था सृजना भइरहेको छ । त्यसैले जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव प्रस्तुत गर्दैगर्दा अहिले अर्थतन्त्र अत्यन्त धरासाही अवस्थामा छ । मुलुक अत्यन्त विषम परिस्थितमा गुज्रिरिरहेको छ । अब हामी यस २०८०/८१ को बजेटको पनि हामी छलफल गर्ने छौं । अर्थमन्त्रीज्यू, यहाँ हुनुहुन्छ । जहाँ समस्या त्यो समस्यालाई बौद्धिक रूपमा विश्लेषण गर्ने हो भने समाधानका विविध उपायहरू निकलन सक्छ भनेर वीपी कोइरालाले भन्नुहुन्थ्यो । त्यसैले अर्थमन्त्रीजयूलाई आग्रह गर्न चाहन्छु । अल्पकालीन, दीर्घकालीन, मध्यकालीन उपायहरूहो खोजी गरेर, अर्थतन्त्रलाई सुधारेर, समस्यालाई समाधान गरेर समस्याका र चुनौतीका बिचमा अवसरहरू निकाल्ने हो । त्यसैले यो मौका पनि हो अर्थमन्त्रीज्यूले आफ्नो पर्फमेन्स देखाउने मौका पनि हो भन्ने मलाई लाग्छ । एकतिर मुलुक कोभिडले आक्रान्त भयो । अर्कोतिर रुस र युक्रेनको युद्धले गर्दा खाद्यान्न, पेट्रोलियम पदार्थ, तेल जस्ता पदार्थहरू आयात हुन सकेनन् । जसले यसको प्रभाव विश्वभरिमै रह्यो । र नेपालमा पनि यसको प्रभाव रह्यो । यसले नेपालको विदेशी मुद्रा सञ्चिति दिन प्रतिदिन घटाइरहेको छ ।

आर्थिक मन्दी हुनुका तीनओटा कारणहरू देखिन्छ । बस्तुको मूल्य सोचेभन्दा बढी हुनु, दोस्रो उत्पादनकर्ता निरुत्साहित हुनु, तेस्रो सरकारले सहज रूपमा आर्थिक गतिविधिहरू गर्न नसक्नु, यसका कारणहरू मन्दीका कारणहरू हुन सक्छन् ।

सम्माननीय अध्यक्षज्यू, २००८ मा आर्थिक मन्दीलाई न्यूनिकरण गर्नको लागि संुयुक्त राज्य अमेरिकाले विभिन्न औजारहरूको उपयोग गरेको थ्यो । अनुत्पादक क्षेत्रमा लगानीकर्ता, लगानीलाई कडाइका साथ रोक्ने प्रयत्न गरेको थ्यो । आयातलाई कडाइ गऱ्यो । घर जग्गा कारोबारलाई कडाइ गऱ्यो । वित्तीय संस्थालाई उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह गर्न पर्ने व्यवस्था गऱ्यो । र त्यतिखेर मन्दीलाई संयुक्तराज्य अमेरिकाले २००८ मा नियन्त्रणमा लिएको थियो । त्यसैले अहिले पनि हामीसँग श्रम विदेशिरहेको छ । जल, जल, जमिनहरू जुन नेपालमा उपलब्ध छन् । त्यसको उपयोगहरू हुन सकिरहेको अवस्था छैन ।

हामी कृषिमा परनिर्भर छौं । कृषिलाई हामीले उत्पादकत्त्वलाई जोडेर उत्पादकत्त्व बृद्धि गर्ने कुराहरू नगरीकन वितरण गर्न सकिंदैन । त्यसैले उत्पादकत्त्व बृद्धि गर्नको लागि कृषि प्रणालीलाई अहिले प्रधानमन्त्री कृषि आधुनिकीकरणका कुराहरू भनिन्छन् । यसलाई कृषिसँग जोडेर साँच्चै किसानहरूले पाउने गरेर मल, बिउ, बिजन, सिँचाइका कुराहरू पनि जोडेर लेर जानुपर्छ । र उत्पादकत्त्वलाई जोड्नको लागि युवाहरूलाई स्वदेशमै रोजगार प्राप्त हुन्छ भन्ने कुराहरू पनि अनुभूति गराउन सक्नुपर्छ । त्यो अवस्थाको अहिले पनि सृजना नभइरहेको अवस्था छ ।

र सँगै अहिले हामी सार्वजनिक यातायातहरूका कुरा गयौं भने पनि इन्धन हामीले आयात गर्छौं । त्यो इन्धनलाई हामी विद्युतीय गाडीहरूमा प्रयोग गर्ने र सार्वजनिक यातायातहरू सुरक्षित र भरपर्दो भयो भने पनि यो इन्धन जुन पेट्रोलियम पदार्थबाट चल्ने गाडीहरूको कम सङ्ख्या भयो भने पनि यसले अझ व्यवस्थित बनाउन सक्छ भन्ने मलाई लाग्छ । त्यसै गरी रुग्ण, जीर्ण उद्योगहरूलाई सञ्चालनमा ल्याउने गर्ने, पुनर्उत्थान गर्ने कुराहरूमा पनि सरकारको ध्यान जान जरुरी छ भन्ने मलाई लाग्छ ।

सम्माननीय अध्यक्षज्यू, सार्वजनिक संस्था र सरकारको स्वामित्व भएका कम्पनीहरूले हरेक वर्ष सरकारबाट प्राप्त बजेट मुद्दति निक्षेपमा राखी ब्याज खानी चलन छ । सो चलनले गर्दा पनि बैङ्कको ब्याजदर बृद्धि भएको प्रमुख कारण हो भन्ने मलाई लाग्छ । यसमा अर्थमन्त्रीज्यूको विशेष ध्यान जान जरुरी छ भन्ने लाग्छ । अब युवाहरूलाई स्वदेशमै बसेर कसरी उद्यमशीलतासँग जोड्न सकिन्छ? कसरी बहुआयामिक कामहरू गर्न सकिन्छ? भन्ने कुराहरूमा हाम्रो जान जरुरी छ भन्ने लाग्छ । त्यसैले यो जरुरी सार्वजनिक महत्त्वको ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- ..... देवकोटा, माननीय सदस्य खिमलाल देवकोटा ।

(१४:०९ बजे) **माननीय श्री खिमलाल देवकटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय मदन कुमारी शाह प्रस्तावक रहनुभएको सुदृढ अर्थतन्त्र निर्माणलगायतको जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमा मेरो पूर्ण समर्थन छ । बजेट तर्जुमाको सन्दारमा महत्त्वपूर्ण विषय उठान गर्नुभएकोमा माननीयज्यूमा विशेष धन्यवाद दिन चाहन्छु ।

यसै सन्दर्भमा, नेपालको अर्थतन्त्रका केही समस्याहरूको बारेमा बुँदागत रूपमा केही धारणाहरू राख्छु । यी समस्याहरूको समाधानमा नेपाल सरकार, माननीय अर्थमन्त्रीज्यू यही हुनुहुन्छ । उहाँहरूको गम्भीर ध्यानार्कषणसमेत गराउँछु ।

अध्यक्ष महोदय, सबभन्दा पहिलो हामीले बुझ्नुपर्ने कुरा, नेपालको अर्थतन्त्रमा संरचनागत रूपमै समस्या छ । आयतमा आधारित राजस्व र रेमिट्यान्समा आधारित उपभोगको चक्रमा अर्थतन्त्र रुमलिएको छ । यसलाई चिर्न अहिलेसम्म कुनै पनि सरकारले गम्भीरतापूर्वक प्रयास नै गरेनन् । व्यापार घाटाको त कुरै नगरौं । हरेक वर्ष कहाली लाग्दो स्थिति छ । आर्थिक वर्ष २०७८/७९ मा नेपालको रु. २१२० अरबको वैदेशीक व्यापारमा ९१ प्रतिशत त आयातको

अंश मात्रै छ । बिहान उठेदेखि बेलुका सुत्दासम्म, जन्मेदेखि मर्दासम्म प्रयोग गरिएका, प्रयोग गरिने सबै सामान आयातित नै छन् । यो लाजमर्दो स्थिति छ ।

व्यापार घाटा कुल जीडीपीको ३५ दशमलव ४६ प्रतिशत छ । सार्वजनिक ऋण दायित्वको कुरा गर्ने हो भने यो कुल जीडीपीको करिव ४२ प्रतिशत छ । १० वर्ष अगाडि यो २८ प्रतिशत मात्र थियो । महालेखापरीक्षकको कार्यालयको ६० औं वार्षिक प्रतिवेदनअनुसार सार्वजनिक ऋणको अधिकाङ्श हिस्सा प्रशासनिक सेक्टरमा खर्च भइरहेको छ । यसको अर्थ हामीले ऋण खोजेर चालु खर्च धान्नुपर्ने स्थिति छ । वैदेशिक सहायता घटेको छ । राजस्व सङ्कलनको अनुपात भारी मात्रामा घटेको भनिरहनुपरेन । कैयौं उद्यम व्यवसाय धरासायी भएका छन् । पुरानो कर्जा चुक्ता गर्न नयाँ कर्जा लिनुपर्ने स्थिति छ । सरकारको सञ्चित कोष नै रु. ५३ अरब ९१ करोड १४ लाखले ऋणात्मक रहेको महालेखाकै प्रतिवेदनमा छ ।

गैरबजेटरी रकम निकासा गर्ने । आर्थिक वर्षको अन्त्यमा ठुलो परिमाणमा बजेट रकमान्तर गर्ने र बिनाआधार बहुवर्षीय स्रोत सुनिश्चितता गर्ने कार्यले वित्तीय अराजकता र आर्थिक अनुशासन बढेको छ । सार्वजनिक निकायले नागरिकलाई दिने सेवा सहज, सुलभ र सरल हुन सकेको छैन । अर्कोतिर आधारभूत सेवाको गुणस्तर नै कमजोर छ । सेवाको लागत बढेको छ । सरकारी अनुगमन प्रणाली एकदमै फितलो, फितलो छ । राज्यका प्राय अधिकाङ्श निकायमा बिचौलिया र दलालहरुको बिगबिगी छ । जताततै वित्तीय सुशासन र अनुशासनको अभाव छ । बेरुजुको अङ्क बढेको बढै छ ।

भ्रष्टाचारककै कुरा गर्ने हो भने ट्रान्सपरेन्सी इन्टरनेस्नलको २०२२ को प्रतिवेदनअनुसार नेपाल अत्यधिक भ्रष्टाचार हुनेको सूचीमा छ । Corruption Perception Index मा कुल १०० नम्बरमा नेपालको ३४ मात्र छ । जुन औषत ४० भन्दा निकै कम हो । ५० अङ्कभन्दा कम भयो भने बढी भ्रष्टाचार हुने मुलुकको रूपमा गनिन्छ । समग्रमा समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक छैनन् । वित्तीय अनुशासनका सीमाहरू निर्मतापूर्वक तोडिएका छन् । भत्काइएका छन् । अनौपचारिक अर्थतन्त्र मौलाएको छ । औद्योगिक पूँजी, वित्तीय र व्यापारिक लगानीतर्फ उन्मुख छ । विकास आयोजना कार्यान्वयनको गति अति नै धिमा गतिको छ ।

राष्ट्रिय गौरवका आयोजनाहरुको भौतिक र वित्तीय प्रगति निराशाजनक छ । उत्पादनमुखीभन्दा पनि वितरणमूखी कार्यक्रम तर्जुमा र कार्यान्वयनमा होडबाजी छ । यो स्थिति प्रदेश र स्थानीय तहमा पनि देखिएको छ । प्रदेश र स्थानीय तहलाई अझै पनि सरकारको अनुभूति हुने गरी काम गर्ने वातावरण निर्माण हुन सकेको छैन । प्रदेशमा प्रहरी अहिलेसम्म

समायोजन गरिएको छैन । निजामती सेवा ऐन जारी नहुँदा सिङ्गो प्रशासन संयन्त्र नै लथालिङ्ग छ । भद्रगोल छ ।

अध्यक्ष महोदय, सरकारले एउटा मात्र काम गरदिए पुग्छ । र यसले केही अर्थतन्त्रमा केही राहत पनि हुन्छ । बजारमा लगानी गर्नुपर्ने पैसा घुस्याहा कर्मचारी, घुस्याय नेता र दलाल बिचौलियाहरूले बोराको बोरा लुकाएर राखे गरेका छन् भन्ने सुनिन्छ । मेरो अनुरोध छ । रु. ५०० र रु. १००० का नोट छाप्न बन्द गरियोस् । बजारबाट सबै नोट खिचियोस् । यसले केही हदसम्म भए पनि Corruption control मा सहयोग पुऱ्याउँछ । हवस्त, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य जयन्ती देवी राई ।

(१४:१४ बजे) **माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, म सबभन्दा पहिला माननीय गरिमा मदन कुमारी शाहज्यूले राखुभएको यो जरुरी सार्वजनिक महत्त्वको प्रस्तावलाई पूर्ण रूपमा समर्थन गर्न चाहन्छु । र यो प्रस्तावप्रति सरकारको गम्भीर ध्यानआकर्षण गराउन चाहन्छु । र हामी सबैलाई थाहा छ । कि यति बेला देशको अर्थतन्त्र सङ्कट उन्मुख भइरहेको छ । र गइरहेको छ । त्यस कारणले आज यो सङ्कटको समाधान गर्नेतर्फ म यो सम्मानित राष्ट्रिय सभाबाट भन्न चाहन्छु । सरकारले यसको तत्काल समाधानको उपाय खोजिनुपर्दछ ।

र अहिले साँच्चै भन्ने हो भने यति बेला यो देश र जनताको सामाजिक जीवन आर्थिक अवस्थामाथि वित्तीय पुँजीवादीहरूले कब्जा गरेको छ । त्यही कारणले आज सरकारको नियन्त्रणमा बजेट अत्यन्तै कम । मलाई लाग्छ ३५ प्रतिशतभन्दा कम बजेट चाहिँ आज सरकारको नियन्त्रणमा रहेको कारणले पनि हाम्रो अर्थतन्त्र एकदमै खस्किँदो अवस्थामा छ । भने अर्कोतिर तीन तीन वर्ष कोभिड जुन एउटा महामारी फैलिएको कारणले पनि त्यसले पनि एउटा अर्थतन्त्रलाई खस्किने अवस्था सृजना गऱ्यो ।

र अर्को भनेको आज यो देशको आर्थिक र उत्पादनमा एकदमै हाम्रो गम्भीर ध्यानआकर्षण भइरहेको छैन । कि आज उत्पादन गर्ने किसानहरूलाई हामीले चाहिँ एउटा प्रोत्साहित गर्न सकिराखेको छैनौं । र उनीहरूलाई जबसम्म उत्पादनमा चाहिँ यहाँका सारा युवाहरूलाई संलग्न गर्न सकिँदैन । जनताहरूलाई उत्पादनमुलकमा राख्न सकिँदैन भने हामी यो सङ्कटबाट उन्मुक्ति हुन सक्दैनौं । र त्यसकारणले पटक पटक भनिएको छ कि ।

किसानहरूको उत्पादनलाई सरकारले किन्नुपर्दछ । र सरकारले किनेर चाहिँ होलसेलमा बेच्नुपर्दछ । होइन भने आज उत्पादनलाई बजारमा तरकारीलाई, दुधलाई सडकमा फाल्न पर्ने र उखुको मूल्य लिनको निम्ति सिंहदरबारमा आउनुपर्ने स्थितिले कहिले पनि यो मुलुकको अर्थतन्त्रमा टेवा पुऱ्याउँदैन । र हामीले अहिले जुन यो गलत सरकारको राजस्वप्रतिको नीतिले पनि भइरहेको उद्योगहरू जस्तै अब हेटौंडा समेन्ट कारखाना, चिनी कारखाना थुप्रै यस्ता सञ्चालित उद्योगहरू पनि बन्द हुने स्थिति छ । तर यो जसरी भए पनि भइरहेको उद्योगहरूलाई सञ्चालन गर्दै र बाँकी पनि यहाँका बौद्धिक यहाँका युवाहरूलाई चाहिँ विदेश पलाएनबाट रोक्नको निम्ति पनि यो सरकारले चाहिँ ध्यान दिनुपर्छ । र ती उत्पादनहरू उद्योगहरू चाहिँ सञ्चालन गर्नुपर्दछ । र यहाँको जुन एउटा हाम्रो ऊर्जा, विद्युत्लाई चाहिँ प्रशस्त रूपमा चाहिँ यो निर्यात गर्न सक्ने किसिमको वातावरण सरकारले गर्नुपर्दछ भन्ने मलाई लाग्छ ।

र यो उत्पादन घट्दै गइरहेको छ । र गैर पूँजीगत खर्च भने चाहिँ बढ्दै गइरहेको छ । त्यसकारणले पनि आज यो मुलुकको एकदमै अथाह यो अर्थतन्त्रमाथि चाहिँ यसले चाहिँ यो असर पारिरहेको छ । र साँच्चै भन्नुपर्दा अहिले यो देशको राजस्वबाट मात्रै मुलुक सञ्चालन गर्न सकिने अवस्था पटकै छैन । त्यसो भा'को हुनाले पनि आज सबभन्दा पहिला उत्पादनमा नै बढी मात्रामा हामीले ध्यान दिनुपर्दछ । र प्रशस्त किसिम, ढङ्गले चाहिँ उत्पादनलाई आज हामीले अब निर्यात गर्न सक्ने स्थिति जबसम्म गर्न सक्दैनौ र यहाँको बौद्धिक जनसङ्ख्य, बैद्धिक युवाहरूको श्रमलाई चाहिँ हामीले बिगाउन सक्दैनौं । यो देशमा लगानी गर्न सक्दैनौं भने हामीले यो कुरा मात्रै हुन्छ । र जुनै सरकार आउँदा पनि किन यस्तो हुन्छ? आज जुन शक्ति, जुन समुदायको उत्थान गर्ने भनेर हामी आउँछौं । नीति बनाउँछौं । तर पनि किन हामी पालना गर्दैनौं? त्यसकारणले सबभन्दा पहिला हामीले संविधानमा लेखेको जुन आर्थिक नीति छ । त्यसलाई कडाइका साथ सरकारले पालना गर्नुपर्दछ भन्दै मेरो आफ्नो भनाइ यहीं अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य जितेन्द्र नारायण देव ।

(१४:१९ बजे) **<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, आज हामी सबै चिन्तित छौं । कि हाम्रा देशका आर्थिक परिसूचकहरू अत्यन्त चुनौतीपूर्ण अवस्थामा रहेको छ । अत्यन्त दबाबपूर्ण अवस्थामा रहेको छ र त्यसमा पनि एक्सटर्नल आर्थिक परिसूचकभन्दा पनि डोमेस्टिक आर्थिक परिसूचकहरू आन्तरिक आर्थिक

परिसूचकहरू अझ बढी चुनौतीपूर्ण अवस्थामा नेगेभिट अवस्थामा रहेको अवस्था छ । त्यसकारणले यो विषयलाई अविलम्ब सरकारले र देशका मुख्य राजनीतिक पार्टीहरूले बडो गम्भीरतासाथ लिनुपर्छ भन्ने हिसाबले हामी छलफल गरिराखेका छौं ।

म के कुरा मात्रै भन्न चाहन्छु भने अहिले जे विषयमा हामी छलफल गर्दै छौं । यो इकोनोमिक्सको विषय मात्रै होइन । यदि यसलाई इकोनोमिक दृष्टिकोणबाट, आर्थिक दृष्टिकोणबाट मात्रै सम्बोधन गर्न खोज्यौं भने हाम्रा देशका आर्थिक परिसूचकहरूमा सुधार आउँदैनन् । देशमा सुशासन कायम हुँदैनन् । देशमा भ्रष्टाचार कम हुँदैन । त्यसैले यो विषय भनेको पोलिटिकल इकोनोमिक्सको विषय हो । राजनीतिक अर्थशास्त्रको विषय हो । यो अर्थशास्त्रको मात्रै विषय होइन सम्माननीय अध्यक्ष महोदय । त्यसकारणले यो पोलिटिकल इकोनोमिक्सको विषय भएको हुनाले २/४ ओटा कुराहरू मैले यहीं यहीं प्याकेजभित्र, पोलिटिकल इकोनोमिक्स प्याकेजभित्र म चाहिँ पेस्क्राइभ गर्न चाहन्छु । नेपाल सरकारलाई ।

त्यो पहिलो कुराः के हो भन्दाखेरि मुख्य कुरा भनेको उत्पादन बढाउने कुरा नै हो । जबसम्म हाम्रो उत्पादन बढ्दैन । तबसम्म आयात प्रतिस्थापन हुँदैन । तबसम्म निर्यातमूलक उद्योगहरू या निर्यात हामी बढाउन सक्ने अवस्थामा हुँदैनौं । त्यसका विभिन्न प्रकारका इम्प्याक्टहरू नेगेटिभ इम्प्याक्टहरू हुन्छ । त्यसकारण उत्पादन बढाउने कुरा नै मुख्य कुरा हो । त्यसको लागि तीनटा विषय, सम्माननीय अध्यक्ष महोदय, तीनटा सेक्टरलाई म लक्षित गरेर म कुरा राख्न चाहन्छु । कि अहिले बजेट आउन गइराखेको छ । त्यो सन्दर्भमा कृषि क्षेत्रलाई त्यो हाम्रो पोटेन्सियलको क्षेत्र भएको हुनाले जलस्रोतको क्षेत्र हाम्रो पोटेन्सियलको क्षेत्र भएको हुनाले र उद्योग भन्नाले कृषिजन्य उद्योग र वन्य आधारित उद्योग यो तीनटा हाम्रो स्ट्रोङ पोटेन्सियल क्षेत्र भएको हुनाले यसमा नेपाल सरकारको ध्यान आकर्षण म गर्न चाहन्छु । यसमा बढीभन्दा बढी स्वदेशी लगानीकर्तालाई र विदेशी लगानीकर्तालाई प्रोत्साहान हुने गरी लगानीको वातावरण सिर्जना गरियोस् । नम्बर एक । यो इकोनोमिक प्याकेजको रूपमा चारैतिर जानुहुँदैन । सम्माननीय अध्यक्ष महोदय, कृषि, जलस्रोत र उद्योगलाई फोक्स गरेर यसपालिको बजेट आउनुपर्छ र समग्रमा इकोनोमिक पोलिसी हाम्रो निर्माण हुनुपर्छ नम्बर वान ।

नम्बर टुः जुन मैले पोलिटिकल इकोनोमिक्सको कुरा गरें सम्माननीय अध्यक्ष महोदय, यसमा दुइटा कुराहरू कर्णप्रिय नहोला । त्यो सुन्न अलिकति अप्रिय होला तर म राख्न चाहन्छु । त्यो के भन्दाखेरि यो देशमा भ्रष्टाचार अन्त्य गर्ने हो भने यो देशमा सुशासन ल्याउने हो भने यो देशमा सेवा प्रवाहको स्थितिलाई सुधार गर्ने हो भने दुइटा कुरा गर्न जरुरी छ । पहिलोः निजामती कर्मचारी सङ्गठनलाई विघटन गर्नुपर्छ । यो म रेकर्ड गराउन चाहन्छु ।

निजामती कर्मचारी सङ्गठनलाई विघटन गर्नुपर्छ । एउटा व्यक्ति कतिचोटि प्रधानमन्त्री हुने त्यसको सीमा निर्धारण हुनुपर्छ । एउटा व्यक्ति कतिचोटि मन्त्री बन्ने त्यसको सीमा निर्धारण हुनुपर्छ र राष्ट्रस्तरका ठेकेदारहरू जसको ट्र्याक रेकर्ड राम्रो छैन । सकारात्मक छैन । त्यसलाई पार्टीको सदस्यता दिनुहुँदैन । यो तीनटा काम हामीले गर्यौं भने यसले इकोनोमिक इम्प्याक्ट दिन्छ सम्माननीय अध्यक्ष महोदय । यो पोलिटिकल इस्यू मात्रै होइन । यसले इकोनोमिक इम्प्याक्ट दिन्छ । त्यसकारण यो गर्नको लागि म चाहिँ यसमा राष्ट्र बहस होस् । एउटा राष्ट्र सहमति होस् भन्ने कुरा म राख्न चाहन्छु ।

र मैले जे यो पोलिटिकल यो पोलिटिकल रिफर्मको प्याकेजसँग जोडिएको कुरा हो यो । पोलिटिकल र कर्मचारी क्षेत्रको सुधारसँग जोडिएको कुरा भयो यसको लागि । एउटै उदाहरण मैले दिन चाहन्छु । सुशासन कायम गर्ने र भ्रष्टाचार नियन्त्रण गर्ने हो भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पार्टीहरूले आफ्ना क्याडर बाँडफाँट गरेर भागभन्डा गरेर अख्तियारको संरचना खडा गर्यो भने त्यो अख्तियारले केही गर्न सक्दैन । त्यसबाट कम्पिटेन्सी बेस्ट मेडिटोक्रेसीको आधारमा यस्ता संस्थाहरूको निर्माण गर्नुपर्छ । नयाँ ढङ्गले, गुणात्मक रूपमा नयाँ ढङ्गले सोच्नुपर्ने मुलुकको अगाडि यो चुनौती छ । यदि नयाँ ढङ्गले नितान्त नयाँ ढङ्गले हामीले आफ्ना सोचलाई परिवर्तन गरेनौं भने हाम्रो मुलुक त्यही इतिहासकारहरूले भने जस्तो यो सतीले सरापेको देश, त्यो स्थिति कायम हुन्छ । त्यसकारण नयाँ ढङ्गले सोच्नको लाग आग्रह गर्दै म आफ्नो कुरा यहीं टुङ्ग्याउन चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, समय दिनुभएकोमा धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य तुलप्रसाद विश्वकर्मा । माननीय सदस्य तुलप्रसाद विश्वकर्मा । माननीय सदस्य तुलप्रसाद विश्वकर्मा । माननीय सदस्य दिल कुमारी रावल थापा ।

(१४:२४ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय मदन कुमारी शाह "गरिमा"ले प्रस्तुत गर्नुभएको जरुरी सार्वजनिक महत्त्वको प्रस्तावको म पूर्ण समर्थन गर्दछु । हामी सबैले महसुस गरेको विषय अहिले हामी जटिल अवस्थाको अर्थतन्त्रमा छौं । आर्थिक सिथिलता छ । मन्दी छ । निराशा छ । भनिरहेका छौं । त्यो अनुभूति गरिरहेका छौं । चालु आर्थिक वर्षको परिसूचकहरू पूरा नहुने लक्ष्यहरू देखिएको छ । कुनै पनि सरकारले अगाडि सारेको परिसूचकहरू पूरा हुने दिशा देखिँदैन । पूरा नहुने स्थिति पैदा भएको छ । ८ प्रतिशतको आर्थिक वृद्धि दरको लक्ष्य राखे

पनि हालसम्मन ४ प्रतिशतको वृद्धि दर मात्रै देखिन्छ । यसले ५० प्रतिशतको मात्रै कुरा गरेको देखिन्छ । यसले पनि यो अर्थतन्त्र हाम्रो निराशाजनक छ भन्ने देखाउँछ ।

पुँजीगत खर्च बढी कम हुने । चालु खर्च बढी हुने । व्यापारमा विचलनता विकृति आउने परिस्थिति विकृति आइरहेको छ । स्थानीय किसानहरूले उत्पादन गरेको उत्पादित वस्तुले बजार नपाउने र बाह्य, बाहिर देशबाट आउने कृषि उत्पादनहरूले विना चेक जाँच सहज आयात हुने परिस्थितिले गर्दाखेरि नेपाली किसानहरू निराशा छ । यसरी हेर्दाखेरि अगिल्लो वर्षको तुलनामा यो वर्ष झन्नै २६ प्रतिशतले निर्यात घटेको हामीले तथ्याङ्कहरू पाउछौं । र हामीले सुनिरहेका छौं कि विभिन्न छलफलहरू विभिन्न मिडियामार्फत आइरहेका विश्लेषण हेरिरहेका छौं । सरकारमा बसेका जिम्मेवार पदाधिकारीहरूबाटै अर्थतन्त्र भयावह स्थितिमा गइरहेको छ । यही स्थिति हो भने सरकारले नीतिगत सुधार र संचरनागत सुधार नगर्ने हो भने अब हामी केही समयपछि सरकारी कर्मचारीलाई तलब दिने अवस्था दिन नसक्ने अवस्था सिर्जना हुँदै छ । पेन्सन दिन नसक्ने अवस्था आउँदै छ भने यो अवस्थाहरू देखिएको छ । यसले गर्दा यो अवस्था के हो साँच्चै अब सरकारले केही महिनापछि सरकारी कर्मचारीहरूलाई तलब खुवाउन नसक्ने अवस्थामा अर्थतन्त्र जाँदै हो? यो के हो यथार्थ चाहिँ संसदमार्फत आम जनतालाई जानकारी गराउन । म सरकारसँग माग गर्दछु ।

हामीले हिजो वैशाख १२ गतेसम्मको तथ्याङ्क हेर्यौं भने पनि मलाई लाग्छ ५० प्रतिशतको हाराहारीमा मात्रै राजस्व उठेको भन्ने तथ्याङ्क पाउँछौं । अब यो राजस्व कम उठेपछि मलाई लाग्छ । आयोजनाहरू, योजनाहरू कटौती गर्नुपर्ने, खर्च कटौती गर्नुपर्ने स्थिति सरकार त्यो प्रेसरमा त्यो बाध्यतामा सरकार छ । तर फेरि पनि दबाब र प्रभावका योजनाहरू आयोजनाहरू रहने र साँच्चै आवश्यकता औचित्यपूर्ण आवश्यक योजनाहरू कटौती हुने स्थिति आउन सक्छ । यसैले म सरकारलाई प्रश्न गर्न चाहन्छु । यो झन्डै ५० प्रतिशतमा सीमित भइरहेको राजस्वबाट अब सरकारले कुन कुन क्षेत्र कस्ता कस्ता योजनाहरू कटौती गर्दै छ । यो चाहिँ म माग गर्न चाहन्छु । सरकारले स्पष्ट जवाफको पनि म माग गर्न चाहन्छु । पुँजीगत खर्चको लक्ष्य हेर्ने हो भने पनि अहिलेसम्म ३० प्रतिशतको हाराहारीमा भएको देखिन्छ । अब हदै भए पनि ५० प्रतिशतभन्दा माथि सरकारले पुँजीगत खर्च गर्न सक्ने अवस्था देखिँदैन । यसले यसतर्फ पनि सरकार चाहिँ गम्भीर हुन म अनुरोध गर्न चाहन्छु । हामीले समग्र राज्यको ट्रेजरी हेर्दा ठिकै देखिए पनि संघीय सरकारको ट्रेजरीमा झन्डै ३५ अर्बको घाट देखिन्छ । स्थानीय तह र प्रदेशले खर्च नगरेको हिसाबले बचत देखिन्छ तर संघीय सरकारको अवस्था चाहिँ यो घाटामा पनि देखिन्छ ।

वैदेशिक साहयताको अवस्था हेर्दा मलाई लाग्छ २० प्रतिशतको हाराहारीमा मात्रै खर्च भएको देखिन्छ भने अनुदानको खर्च ९ प्रतिशतमा सीमित छ । अढाई खर्ब आन्तरिक ऋण परिचालन गर्ने सरकारको लक्ष्य छ । सरकारले नेपालको आन्तरिक ऋणको पासोमा सरकार पर्ने देखिन्छ । आज मिटिरब्याजीको समस्या देशभित्र छ भने सरकार आफै ऋणको पासोमा देखिन्छ । किनकि ऋण लिएर ऋण तिर्नुपर्ने अवस्थामा सरकार छ ।

त्यस्तै गरेर हामीले मूल्य वृद्धिको अवस्था हेर्यौं भने ७.५ प्रतिशत मूल्य वृद्धि भए पनि केही यस्तो महत्त्वपूर्ण वस्तुहरू खाद्यान्नलगायतमा १४ प्रतिशतभन्दा बढी मूल्य वृद्धि देखिन्छ । शिक्षा, स्वास्थको सेवामा १० प्रतिशतभन्दा बढी मूल्य वृद्धि भएको हामीले देख्छौं । समग्रमा हेर्दा यातायात क्षेत्रमा एक तहाइले मूल्य वृद्धिले मूल्य वृद्धि भएको छ । यसले गर्दा यो स्थितिमा सरकार गम्भीर हुनको लागि म अनुरोध गर्न चाहन्छु ।

अर्को चाहिँ, निश्चित व्यवसायीलाई हित हुने गरेर करको दर हेरफेर गर्दा आज फलाम, विद्युत्, कृषि उत्पादक बिटुमिन सडक पिच गर्ने बिटुमिन जस्ता आयात वस्तुमा चाहिँ ठुलो यसले गर्दाखेरि चाहिँ हाम्रो स्थानीय उत्पादनमा ठुलो मात्रमा घाटा भइरहेको छ । अहिले हामीले भ्रमणकै कुरा गर्दा हाम्रो देशबाट बाहिर झन्डै ७६ अर्ब रकम बाहिरिएको छ भने बाहिरबाट भित्रिने पर्यटनहरूको हिसाब गर्दा ३७ अर्ब डब्बलको सङ्ख्यामा यसरी हाम्रो रकमहरू बाहिर गएको स्थिति छ । त्यसैले यो .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य प्रमिला कुमारी ।

(१४:३० बजे) **<u>माननीय श्री प्रमिला कुमारी (जनता समाजवादी पार्टी, नेपाल)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म प्रतिनिधि सभाका नवनिर्वाचित माननीय सांसद तथा जसपाका राष्ट्रिय अध्यक्ष, हाम्रो आदरणीय नेता उपेन्द्र यादवलाई हार्दिक बधाई तथा सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछु र साथै बारा निर्वाचन क्षेत्र नम्बर २ का सम्पूर्ण जनसमुदाय गठबन्धन दलहरूलगायत निर्वाचनमा सहयोग गर्नुभएका सम्पूर्ण पक्षलाई पनि हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु । त्यस्तै प्रतिनिधि सभाका नवनिर्वाचित माननीय सांसद रवि लामिछाने र माननीय सांसद स्वर्णिम वाग्लेलाई पनि हार्दिक बधाईको साथै सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

त्यसपछि म माननीय सांसद गरिमाज्यूले सदनसमक्ष पेस गर्नुभएको सार्वजनिक महत्त्वको प्रस्तावमाथि छलफल गर्न चाहन्छु । हाम्रो संविधानले परिकल्पना गरेको राष्ट्रिय अर्थतन्त्रलाई

आत्मनिर्भर, स्वतन्त्र र उन्नत बनाउँदै समाजवाद उन्मुख सुदृढ अर्थतन्त्र निर्माण गर्न नेपाल सरकारको ध्यान आकृष्ट गराउन पेस भएको यस जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमा म हार्दिक समर्थन गर्दछु ।

राष्ट्रिय अर्थतन्त्र गम्भीर सङ्कटतर्फ उन्मुख, राजस्वले चालु खर्च पनि धान्न नसक्ने, रेमिट्यान्सबाट खर्च धान्नुपर्ने, चर्को महङ्गीका कारण जनजीवन साह्रै कष्टकर, दिनहुँ सयौं विद्यार्थी र स्किलफुल म्यानपावर पलायन भइरहेको अवस्था, दिनानुदिन भ्रष्टाचार बढिरहेको अवस्थामा सरकारले आवश्यक आर्थिक रणनीति अपनाउनुको साथै बिचौलिया भ्रष्टाचारी, दलाललाई पृष्ठपोषण दिने संस्थालाई पनि भत्काउनु जरुरी छ । हाम्रो व्यापार घाटा बढिरहेको अवस्था, नेपालको वैदेशिक मुद्राको सञ्चिति तीव्र गतिले घटिरहेको हुँदा ऋण लिनुपर्दा अत्याधिक ब्याज तिर्नुपर्ने अवस्था, उद्योग धान्दा बन्द हुन लागेको अवस्थामा श्रीलङ्काजस्तो आर्थिक सङ्कट नआउला भन्न नसकिने अवस्थामा हाम्रो गम्भीर ध्यान आकर्षण भएकोले यसलाई नेपाल सरकारले गम्भीरतापूर्वक लिनु अति आवश्यक छ ।

प्रदेश र स्थानीय तहलाई मजबुत बनाउन वित्तीय सङ्घीयता मजबुत हुनु जरुरी छ । मूल बजेट विनियोजन भएकै कारण प्रदेश र स्थानीय तहको आर्थिक विकास हुन सकेको छैन । आत्मनिर्भर अर्थ व्यवस्थाका लागि विशेष योजना तर्जुमा गर्न, सार्वजनिक यातायातका साधनलाई प्रोत्साहित गर्दै सवारी साधन, इन्धनलगायत विलासितासम्बन्धी वस्तु आयातको परिणाममा कटौती गरी अल्पकालीन र मध्यकालीन तथा दीर्घकालीन नीति र योजना निर्माण गरी इफेक्टिभ इम्प्लिमेन्टेसनको लागि नेपाल सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य डा. विमला राई पौडयाल ।

**(१४ः३४ बजे) माननीय डा. विमला राई पौडयाल (मनोनीत)**ः- सम्माननीय अध्यक्षज्यू, माननीय मदन कुमारी शाह (गरिमा) ले प्रस्तुत गर्नुभएको यो सार्वजनिक महत्त्वको प्रस्तावलाई म समर्थन गर्न यहाँ उभिएको छु । महङ्गी साह्रै बढ्यो, बजार साह्रै अनियन्त्रित भयो, सम्माननीयज्यू ।

मैले अठार सय प्रतिबोरा किन्ने गरेको चामल अहिले चौबिस सय प्रतिबोरामा किनेको छु । एक सय साठ्ठी रुपैयाँमा किन्ने गरेको तेल अहिले दुई सय पचासभन्दा बढीमा किनिरहेको छु । एउटा पसल र अर्को पसलको बिचको भाउ मिल्दैन । जसले जसलाई जति चार्ज गरे पनि

हुन्छ । हामी तलब खाने र पेन्सन खानेहरूलाई बाँच्न धौधौ परेको छ । बाटोमा दुईतिर सानो सानो मकै, हरियो मकै बेचेर सानो सानो ठेला गरेर साना साना चुलामा हरियो मकै बेचेर बस्नेहरूको दिन चरिया कसरी चलेको होला भनेर चैं कहिलेकाहीँ सम्झिँदा मात्रै पनि काहाली लाग्ने अवस्था छ । दुध, दही त अब हामीले पनि खान छोडयौं । अब त्यो साना साना बच्चा भएका आमाहरूले दुध, दही कसरी पुर्याएका होलान् बच्चाहरूलाई जस्तो लाग्न थालेको छ । तुरुन्तै बजार नियन्त्रण गर्नुपर्ने, बजार भाउ अनुगमन गर्नुपर्ने र यो बजार भाउलाई सन्तुलित गर्नुपर्ने जरुरी छ । मैले त्यहीबाट अर्थमन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहें ।

साना तथा मझेउला उद्यमहरू बन्द भइरहेका छन् । व्यापारीहरू व्यापार छोडेर भागिराखेको अवस्था छ । मैले सुनेको छु, अहिले अर्थमन्त्रीज्यूले भन्नुहोला साँचो कुरा के हो? सरकारसँग पैसा नभएको कारणले निवृत्तिभरण लिएका पचास हजारमध्ये जम्मा तीस हजारले मात्र चैत्रको पेन्सन पाएका छन्, शिक्षकहरूले । बाह्रओटा जिल्लामा पेन्सनको पैसा पुगेको छैन । त्यसले गर्दा पेन्सन पाएका, निवृत्तिभरण भएका शिक्षकहरू भोकै पर्न सक्ने अवस्था पनि छ ।

सरकारले वैदेशिक मुद्राको अवस्था त्यति धेरै चिन्ताजनक छैन भनेर भन्नुहुन्छ । तर तथ्याङ्क हेर्दाखेरि यो असाध्यै चिन्ताजनक छ । चालु प्रकृत्तिको विदेशी मुद्राको खर्च सोही प्रकृत्तिको आमदानीभन्दा निकै बढी छ । भुक्तानी गर्न हालसम्म रेन्ट र रेमिट्यानसले धानेको त देखिन्छ । तर उत्पादन बढाउने कुरामा, आयात प्रतिस्थापन गर्ने कुरामा अनि पर्यटनमा राम्रोसँग जोड नपुग्दाखेरि वैदेशिक मुद्राको सञ्चिति राम्रो अवस्थामा छैन भन्ने कुरा प्रष्टै देखिन्छ । तथ्याङ्क नै हेरौं, विगत आठ महिनामा शिक्षा र विदेश भ्रमणमा देशबाट छैइत्तर अर्ब विदेशिएको छ । सोही अवधिमा हामीले कमाएको, पर्यटकहरूबाट कमाएको आमदानी सैंतिस अर्ब मात्रै छ । अनि हामी कसरी भनौं वैदेशिक मुद्राको सञ्चयको अवस्था राम्रो छ भनेर?

बैङ्कमा दुई वर्षअगाडि औसत ब्याज ८.५ प्रतिशत थियो । व्यापारीहरूले ८.५ प्रतिशतमा पाउँथे औसत । अहिले आएर त्यो औसत १३ प्रतिशतभन्दा बढी ब्याज छ । त्यसले गर्दा कोरोनाले थलिएको अर्थतन्त्र, कोरोनाले थलिएका व्यापार, व्यवसायहरूले सहज रूपमा ऋण पाउन सकेका छैनन् । भागाभाग नै भएको अवस्था छ ।

सुशासनको कुरामा नेपालमा सार्वजनिक आम्दानी र खर्च व्यवस्थापनमा पारदर्शिता भएन । भ्रष्टाचार बढेको बढै भयो । पुँजीगत खर्च भएन । कन्ट्र्याक्टरलाई कन्ट्र्याक दिने कुरा पनि पारदर्शी भएन । नेपोटिजम नै छ भनेर विदेशी दाता र अन्तर्राष्ट्रिय स्तरमा थुप्रै सवालहरू उठेका छन् । यसले गर्दा लगानीको हिसाबले नेपाललाई अहिले निगरानीमा राखिएको

छ । यदि सुशासनका यी सुचकहरू तुरुन्तै हामीले सम्बोधन गर्न सकेनौं भनेदेखि हामीलाई कालो सूचीमा राखिन्छ । कालो सूचीमा राखे भनेको विदेशबाट आउने ऋण पनि घट्छ, लगानी पनि घट्छ, अनुदान पनि आउँदैन । यो अवस्था चैं यस्तो छ ।

अब यी सबै कुराहरूलाई सम्बोधन गर्नको लागि अर्थमन्त्रीज्यू नयाँ आउनुभा'को छ तर मान्छे नयाँ होइन उहाँ, पुरानो मान्छे हो । यसपालि भर्खर मात्रै ज्योन गर्नुभा'को छ । केही न केही पक्कै सोच्नुभा'को छ, देख्नुभा'को छ । केही हाम्रा उपायका कुराहरू हामी यहाँ प्रस्तुत गरिरहेका छौं । त्यसमा अहिले प्ल्यानिङको समय हो । हामीसँग पैसा छैन । त्यसले गर्दा एउटा के हुन सक्ला भने विदेशी सहायता सुनिश्चित नभएका र आन्तरिक स्रोतले नभ्याउने नयाँ परियोजनाहरू, नयाँ कार्यक्रमहरू बजेटमा केही पनि नराखौं । जुन जुन आयोजनाहरू पूरा हुन खोजेका छन्, त्यस्ता आयोजनाहरूमा मात्रै रकम छुट्याऊँ भनेर भन्न चाहें । राष्ट्रिय उत्पादन बढाउने, स्वदेशी उत्पादन संरक्षण गर्ने र आयात प्रतिस्थापन गर्नेमा हन्ड्रेड पर्सेन्ट फोकस गर्न पर्यो । ग्याँस र पेट्रोलियम पदार्थको आयात घटाउनैपर्छ । किनभने यो अर्थतन्त्र र वातावरण दुइटैको लागि घातक छ । त्यसमा सरकार एकदमै गम्भीर हुनुपर्यो । र बजार भाउ, बजार भाउ नियन्त्रण गर्नुपर्यो, नियमन गर्नुपर्यो । जनता भोकै भए भने सरकारले मात्रै खाएर पुग्दैन । जनता नरहे सरकार पनि रहँदैन, देश पनि रहँदैन । त्यो कारण बजार नियन्त्रण गर्नपर्यो भनेर मैले अनुरोध गर्न चाहें । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य शेखर कुमार सिंह ।

(१४:३९ बजे) **<u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल)</u>**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम त मैले प्रस्तावक माननीय शाहलाई, उहाँको प्रस्तावमा समर्थक बसी र अहिले पनि हामी पूर्ण रूपमा, उहाँको बुँद्धागत रूपमा मैले समर्थन जनाउन चाहन्छु ।

सँगै हामी नेपालमा जन्म्या जनता छौं । हाम्रो देशले कुन अवस्थामा छ कसैबाट चिनाइराख्नुपर्दैन जस्तो मलाई पनि लाग्छ । निश्चित रूपमा अहिले आर्थिक अवस्था अलि दयनीय देखेको नाताले, एउटा नेपाली भएको नाताले हामीले पनि सजक हुन र सरकारले सुसूचित गर्न आवश्यक ठान्या छु । हाम्रो सबै साथीहरूबाट आफ्ना आफ्ना हिसाबले आई नै सक्या छन् प्रस्तावहरू, भावनाहरू । हाम्रो उपस्थित माननीय मन्त्रीज्यू पनि अर्थमन्त्री कुनै नयाँ होइन । उहाँ यो देशले बुझेको अर्थमन्त्री हो । हामी विश्वास राख्या छु, उहाँको कार्यकालमा यो सबै

क्षणहरू सुधरेर जान्छ । उहाँको प्रस्तावमा समर्थन जनाउँदै केही रूग्ण उद्योगहरूलाई सुधार अवस्थामा, पुनः सञ्चालनमा ल्याइदिनलाई अर्थमन्त्रीजीलाई ध्यानाकर्षण गर्दै, सँगै नेपालभरिमा छरिएका भन्सार कार्यालयमा अरबौंका सरसामान र गाडीका सरसाधनहरू यथाशीघ्र सरलतासाथ मन्त्रीजीले यसको निकास निकालेर भन्सार पनि खाली ...... चिटिक्क देख्ने, त्यसबाट आएको रकम पनि हाम्रो राज्य कोषमा एउटा ठोस रकम आउने सम्भावना भएकोले म यति आग्रह गर्दै पुनः प्रस्तावक शाहप्रति समर्थन जनाउँदै म आफ्नो दुई शब्द यहीं अन्त गर्छु । धन्यवाद ।

(१४:४२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य सुरेश कुमार आलेमगर । माननीय सदस्य सुरेश कुमार आलेमगर । माननीय सदस्य सुरेश कुमार आलेमगर ।

माननीय सदस्यहरू, समर्थक माननीय सदस्यहरूले प्रस्तावको समर्थन गर्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "सुदृढ अर्थतन्त्र निमार्णका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने" भन्ने विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । उक्त प्रस्तावमाथिको छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यलाई पाँच मिनेटको निर्धारण गरेको छु ।

माननीय राजेन्द्र लक्ष्मी गैरे ।

(१४:४३ बजे) **<u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, अहिले देशको आर्थिक अवस्था जरजर भएको छ । जनताहरूले उठाएर, जनताहरूले आफूले तरकारी बेचेर, एक मुठी तरकारी बेचेर जम्मा गरेको पैसा सहकारीहरूमा, बैङ्कहरूमा राख्ने गरेका छन् । त्यो पैसा पनि जनताले आफूले आवश्यक पर्दा नपाइरहेको समाचारहरू र हामीले आँखाले देख्नुपरेको छ, सुन्नुपरेको छ । यो असाध्यै दुःख लाग्दो कुरा । आवश्यक परेको बेलामा बच्चाको फिस तिरौंला, कपडा किनौंला, दुःख टारौंला भनेर मान्छेहरूले दुई पैसा जम्मा गर्ने गर्छन् । त्यही पैसा पनि अहिले, जम्मा गरेको पैसाहरू पनि दिन नसक्ने अवस्थामा हामीले बङ्कहरूलाई देखेका छौं, हामीले सहकारीहरूलाई देखेका

छौं । यसले गर्दाखेरिमा हाम्रो देशको आर्थिक अवस्था जरजर भएको छ भन्ने चैं लाग्छ । त्यस्तो अवस्था देखिन्छ ।

र हामीले उठाइरहेको कुराहरू, धेरै कुराहरू उठाइरहँदा हाम्रो सरकारको ध्यान आम नेपाली जनताले जतिबेला जनताको मुटु छुँदैन, भावनालाई सम्बोधन गर्दैन, हाम्रा नीति र कार्यक्रमहरूले जनतालाई प्रत्यक्ष फाइदा पुग्दैन, त्यतिबेला जनताले सरकारले केही गरेन भनेर नारा लगाउने गर्छन्, लगाइरहेका पनि छन् । त्यसो भएको हुनाले हामीले गरेका कामहरूले हामी साँच्चिकै जनतालाई छुने, मन छुने काम गर्यौं कि गरेनौं? भनेर सोच्नुपर्ने भएको छ । हामी सरकारमा आउँदा, सदनमा रहँदा हामीले जनताका लागि केही गरेनौं भनेर हामी आफैलाई पनि वितृष्णा भयो भने नेपाली जनताले कसरी चित्त बुझाउन सक्छ? धेरैरै माननीयहरूले हामी आफैलाई पनि वितृष्णा भएको, हामीले केही गर्न नसकेको अनुभूति यहाँ प्रकट गरिरनुभ'को छ, मलाई पनि त्यस्तो लागिरहेको छ । त्यसको भएको हुनाले हामी आफै सन्तुष्ट हुन नसकेपछि जनता कसरी सन्तुष्ट हुन सक्छन्? यस्तो अवस्थामा सरकारले साना साना सस्ता पसलहरू ठाउँ ठाउँमा खोल्दिनुपर्दछ ।

आज, अहिलेको यो जनगणनाको तथ्याङ्कलाई हेर्यो भने साट्ठी, पैंसट्ठी पर्सेन्ट मान्छेहरू सहरमा बस्छन् । गाउँमा बस्दैनन् । मान्छेहरू सहर केन्द्रित भएका छन् । र जहाँ सहर केन्द्रित भइरहँदा त्यो सहरको मूल्य बढेर सामान्य मान्छे बस्न नसक्ने अवस्था भएको छ । यसो भएको हुनाले सरकारले आफ्नो योजनामा गाउँलाई पनि छुने गरी, सहरलाई पनि छुने गरी ठाउँ ठाउँमा हामीले सस्तो पसलहरू खोलियो भने मान्छेले त्यहीबाट किनेर खान सक्थे ।

बजार नियन्त्रणमा छैन । आज बिहान म कालिमाटी गएर सबै कुरा हेरें । माछाको भाउ सोधें, फलफूलको भाउ सोधें, तरकारीको भाउ सोधें, एउटा पसलबाट अर्को पसलको भाउ कहीं मिल्दैन । फरक फरक छ । यस्तो गर्न पाइन्छ? एकै ठाउँमा बसेर, एउटै व्यवसाय गरेर किसानसँग उठाएर ल्याएको सामानहरू सरकारले दिएको मूल्य, नीति, निर्णयमा बसेर काम गर्नुपर्ने होइन? किन अनुगमन भइरहेको छैन? किन चासो छैन मान्छेलाई? सामान्यभन्दा सामान्य काम गर्ने मजदुरले दिनमा पाँच सय रुपैयाँ ज्याला पाउँछ । र उसले आफ्नो छोराको कपाल काट्न गयो भने दुई सयदेखि तीन सय तिर्नुपर्छ । त्यो बच्चाको कपाल त्यो काम गर्ने मजदुरले कसरी काट्न सक्छ? हरेक ठाउँमा आज त्यहाँ चैं समितिको निर्णय भनेर टाँस्दिएको छ । आफ्नो श्रम परेको छ, लगानी कति परेको छ त्यो पनि हेरिएको छैन । र कतिपय ट्रेड युनियन संस्थाहरू, नेपाल सरकारको कतिपय कर्मचारीहरू डबल, त्रिबल पनि भएको होला ।

कतिपयले कामै नगरीकन तलब खाने, काम गर्ने मान्छेले नपाउने भएको अवस्थाहरू पनि छ । यस्तो कुरालाई किन अनुगमन नगरेको हो? भन्ने चैं लाग्छ ।

र हामी सांसदहरू पनि, हामी नीति निमार्ण गर्छौं, जनताको भावना बोल्छौं, जनतालाई मन छुने काम गर्छौं भनेर यहाँ आयौं । र हामी हाम्रा कुर्चीहरू राष्ट्रिय सभाको होस्, चाहे प्रतिनिधि सभाको होस् कतिपय बेलाहरूमा खाली भयो भनेर समाचारहरू आउँछ । राज्यले दिएको सेवा, सुविधा खाएर अनि हाम्रो कुर्चीहरू खाली हुन्छ । हामीले बनाउनुपर्ने नीति निर्माणहरू टाइमा गर्दैनौं भने भ्रष्टाचार त त्यहाँ पनि भयो नि । मैले घुस खा' छैन भनेर भयो र? काम गर्न आउने अनि काम नगर्ने, अरू काममा घुम्ने गरियो भने त्यो भ्रष्टाचार होइन? त्यसो हुनाले भ्रष्टाचार त एकदमै नसोचिएर आफै पनि नजानेर पनि भ्रष्टाचार हुन्छ । त्यो भएको हुनाले हामीले जे काम गर्न आ'को हो, त्यही काम गर्न हामीले सकेका छैनौं । हामीलाई समयमै निजामती कर्मचारी ऐनहरूको कुराहरू छ, हामीले ......(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय प्रकाश पन्थ ।

**(१४:४९ बजे) <u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, माननीय मदन कुमारी शाह (गरिमा) द्वारा प्रस्तुत भएको प्रस्तावित जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव "सुदृढ अर्थतन्त्र निमार्ण गर्नको लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने" भन्ने विषयको जरुरी सार्वजनिक छलफलको विषयमा यहाँ छलफल गर्न उपस्थित भएको छु । र यो प्रस्तावको म पूर्ण समर्थन गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, अब यो पहिलेको, पहिला पहिलाकोले अहिले नयाँ नयाँ हामीहरू ल्याइरा'का छौं । पुरानोले नभएर फेरि नयाँ चाहिएको छ । संविधान त्यस्तै थियो । पहिला पहिला भएन, अहिलेको चाहियो । व्यवस्था पहिलोको भएन, अहिलेको चाहियो । राजतन्त्रले नभएर गणतन्त्र आ'को थियो । राजाले नभएर राष्ट्रपति हामीले ल्यायौं । एउटा वर्ग, क्षेत्र, लिङ्गकोले नभएर हामीले समावेशीका कुराहरू ल्यायौं । र यो केन्द्रीयताले नभएर हामीले सङ्घीयता पनि ल्यायौं । अब विकासले नभएर हामीले दिगो विकास पनि ल्यायौं । तर शासन, प्रशासन परम्परागत रहिरह्यो । सुशासन भएन । यसको अनुभूति गर्न सकिएन । नेपालमा सुशासन आउँदै आएन । खालि यो गफ गर्ने विषय मात्रै भइरहेको छ । सोच्ने र काम गर्ने प्रवृत्ति पनि हाम्रो पुरानै भयो । चेत पुरानै भयो, सचेतना आउन सकेन । आचरणहरू चैं

भ्रष्टाचारमा रूपान्तरण भइसक्यो । अहिले सबैको सोच्ने तरिकै भ्रष्टाचारको आचरणमा हामीले जे कुराहरू पनि सोच्ने काम गरिरहेको कुरा हामीले छरपष्ट देख्न सक्छौं । अब यो सुशासनको चेत अब चैं खुल्नुपर्छ । र भ्रष्टाचारका विरुद्धमा निर्माण हुन आवश्यक छ र भ्रष्टाचारविरुद्धमा सचेत भएर अगाडि बढ्नुपर्ने स्थितिहरू चैं अहिलेको हो ।

अब आर्थिक अनुशासन नभएसम्म विकास पनि हुँदैन । समृद्धि पनि कहिले आउँदैन । संविधानको स्पिरिट भनेकै एउटा समावेशी विकास र समावेशी लोकतन्त्र हो । तर हामीले आफैले बनाएको संविधान पनि पालना गरेका छैनौं । व्यवस्था परिवर्तन भ'को भई छ चर जनताको अवस्थामा परिवर्तन भएन । यो आवाज उठिरहेको छ र नेतृत्वहरू यस विषयमा चुकिरहेको स्थिति पनि छ । सुशासन कायम गर्न, भ्रष्टाचार हटाउन निर्मम हुन आवश्यक छ । नियमनकारी निकायहरू अहिले निरिहजस्तै छन् । तिनीहरूले काम गर्न सकिरहेकै छैनन् । प्रधानमन्त्री र मन्त्रीहरूबाटै सदाचारको नीतिहरू पालना हुनुपर्यो । सेवा प्रवाह चुस्त, दुरुस्त हुनुपर्यो । यी खालि यो कुरामा मात्र सीमित छ, यसले काम गर्न सकिरहेको छैन । वैदेशिक ऋण अनुदानको सही सदुपयोगहरू हुन सकेको छैन । गौरवका, राष्ट्रिय गौरवका आयोजनाहरू पनि अलपत्रमै हामी देखिरहेको स्थितिहरू चैं छ ।

सम्माननीय अध्यक्ष महोदय, यो स्थितिमा हामीले अझ निर्याततर्फ, उत्पादनतर्फ हामीले सोचेकै छैनौं । आयात घटाउनुपर्यो । तेल र ग्याँसको पाइपलाइन होइन, बिजुलीका तारहरू चैं अब फिजाउन आवश्यक छ । सिलिन्डरमा दिने अनुदान घर घरमा विद्युतीय चुलोमा दिनुपर्यो, अब । विद्युतीय महसुलहरू हामीले घटाउनुपर्यो । विद्युतीय सवारी साधन अनिर्वाय गर्नुपर्यो, अब । पेट्रोल र डिजेल गाडीलाई अब हामीले विद्युतीयमा कन्भर्ट गर्ने खालको प्रोत्साहन गर्न पर्यो । त्यो खालको चैं सहुलियतहरू पनि हामीले दिन आवश्यक छ । प्राकृतिक स्रोत र साधनहरूमा अब कृषिहरूलाई हामीले उत्पादन उद्योगसँग हामीले जोड्न सकेका छैनौं । आयआर्जनसँग हामीले यसलाई जोड्न सकिरहेको छैन । उद्योगलाई रोजगार र व्यापारसँग हामीले जोड्न पर्यो । प्राकृतिक स्रोतलाई सही तरिकाले भविषयलाई पनि हुने गरी सदुपयोग गर्नेतर्फ हाम्रो सोच अगाडि बढ्न आवश्यक छ । प्राकृतिक स्रोतमाथिको अनावश्यक दोहनहरूलाई हामीले रोक्न सकिरहेको अवस्था पनि छैन । कृषिको विषयहरू चैं खालि गफ गर्ने विषय बन्या छ । गफ गर्दा अगाडि कृषि जहिले पनि आउँछ र काम गर्दाखेरि चैं कृषि जहिले पनि पछाडि परिरहेकै अवस्था छ । नेपाली उत्पादन र उपभोगलाई अभिवृद्धि गर्ने कार्यक्रमहरू एकचोटि आ'को थियो । यो अहिले हराएर कता गइसक्यो ।

अब यो सार्वजनिक प्रशासन, यो सार्वजनिक खर्च पुनरावलोकन गर्नको लागि चैं एउटा उच्चस्तरीय आयोग पनि थियो । त्यसले एउटा अध्ययन पनि गर्यो, रिपोर्ट पनि दियो तर त्यो रिपोर्टहरूको कार्यान्वयन भएन । त्यो रिपोर्ट कता कता हराइसक्या छ । अनावश्यक संचरनाहरूलाई हटाउने कुरा थियो, अनावश्यक विभागहरूलाई हटाउने कुरा थियो र अरू थुप्रै निकाय र संस्थाहरूलाई हटाउन सकियो भने थुप्रै त्यहाँ खर्च पनि कटौती गर्न सक्ने स्थितिहरू छ । त्यसतर्फ हामीले सोच्न आवश्यक छ । मन्त्रालयले, नेपाल सरकारले त्यसतर्फ विशेष ध्यान दिन जरुरी छ ।

अब यो आर्थिक अनुशासनका कुरा, वित्तीय उत्तरदायित्वका कुराहरू चैं भ'को भई गर्छ तर त्यसको चैं सही तरिकाले त्यो हुन सक्या छैन । अब ठुला ठुला गफहरू होइन, हामीले अब एकदमै सान सानो कामहरू गरे मात्रै हुन्छ । हामीले बनाएको संविधान हेर्यो भने पनि धेरै कुरा छ । हामी आफैले बनाएका घोषणापत्रहरू, प्रतिबद्धता पत्रहरू हेर्यो भने पनि त्यहाँ थुप्रै थुप्रै कुराहरू छ । ती सान साना कुराहरू गर्न सक्यो भने धेरै कुरा आउँछ । बिरामीलाई उपचार, किसानलाई मल बिउ, विद्यार्थीलाई पुस्तक र उत्पादनलाई मूल्य दिन सक्यो भने पनि धेरै कुरा हामीले पाउन सक्छौं । समग्रमा अर्थतन्त्रले जनजीवनलाई छुनुपर्यो । राजनीति एउटा सूत्र हो । अब हामीले यसलाई चैं जनजीवनलाई पनि छुने गरी जनमा केन्द्रित भएर हामी जान पर्यो । राष्ट्रपतिज्यूले पहिला पहिला भन्ने गर्नुहुन्थ्यो, विपन्नलाई आय र निमुखालाई न्याय देऊ हैं भन्नुहुन्थ्यो । त्यो विषयलाई हामीले सूत्र बनाएर अगाडि बढ्ने कामहरू सकिन्छ ।

अन्त्यमा, पटक पटक उठ्ने गरेको विषय छ, विकासमा र इकोनोमीमा । यो सोसियो इकोनोमिक्सको कुरा उठ्छ, सोसियो पोलिटिक्सकै कुरा पनि उठ्छ र डिप्लोमेसी इकोनोमीका कुरा पनि उठिराको छ । नेपाल सरकारले यो कन्सेप्टलाई, यो धारणालाई, यो ट्रमलाई कसरी प्रयोग गर्न खोजेको छ? यो म जान्न पनि, सुन्न पनि, थाहा पाउन पनि चाहन्छु । र यो बजेटभन्दा अगाडि यी विषय छलफल भल भ'को हुनाले अबका योजनाहरू, अबका प्ल्यानिङ, नीति कार्यक्रमहरू यही केन्द्रित ...... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय देवेन्द्र दाहाल ।

**(१४:५५ बजे)** **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, सुदृढ अर्थतन्त्र निर्माण गर्नका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने भन्ने विषयको सार्वजनिक प्रस्तावको

बारेमा छलफल भइराखेको छ । त्यसमा म छलफलको लागि यहाँ उपस्थित भएको छु । र प्रस्तावक र समर्थक माननीयज्यूहरूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु किनभने यो जरुरी महत्त्वको विषय हो ।

अब देश क्रमशः सङ्कटतिर गइरहेको छ । एकजना माननीयले भन्नुभो' सङ्कट उन्मुख भनेर, ठिकै भन्नुभो' त्यो शब्दावली । अब सङ्कट घोषणा गर्न मात्रै बाँकी रहेको छ । र यसको बारेमा सबैले छलफल गर्नुपर्ने, बहस गर्नुपर्ने बेला भएको छ । र यसमा हामीले सरकारलाई सुनाउन चाहेको विषय नै हो यो । र सरकारले सुन्नुपर्ने विषय हो ।

र हाम्रो चाहना के थियो भने राष्ट्रिय सभा भनेको एउटा प्रबुद्ध व्यक्तिहरूको सभा हो । र यहाँका सभासद्हरूले र देशको अर्थतन्त्रको बारेमा कस्तो चासो राखिराखुभएको छ? अर्थतन्त्र सुधार्नका लागि के सुझावहरू छन्? यहाँ पक्ष, विपक्ष छैन यहाँ । प्रतिपक्ष र सत्तापक्ष छैन । र यसको बारेमा के रहेछ त भनेर सुन्न इच्छुक अर्थमन्त्री हुनुहोस् भन्ने हाम्रो चाहना थियो । र जिज्ञासु पनि हुनुहोस्, जिज्ञासु र देशप्रति जिम्मेवार हुनुहोस् भन्ने हाम्रो भनाइ थियो । तर अर्थमन्त्रीज्यूलाई यहाँ उपस्थित गराउन पनि यहाँ लडाइँ लड्नुपर्ने खालको स्थिति, यस्तो खालको स्थिति छ । त्यसले गर्दा यस सन्दर्भमा पूर्वजानकारी प्राप्त भइसकेपछि मन्त्रीज्यूहरूले जिम्मेवारीपूर्ण ढङ्गले सदनमा सदनका सदस्यहरूले उठाएका कुराहरूलाई सुन्ने वातावरण आगामी दिनमा होस्, यो सम्माननीय अध्यक्षज्यूमार्फत म आग्रह गर्न चाहन्छु । र यो प्रस्तावमा उठाएका विषयहरूलाई यो सरकारले आँखा खोलेर हेर्नु जरुरी छ । र यो प्रस्ताव केही सांसदहरूले उठान गर्ने र एकथान मन्त्रीले जवाफ दिने कर्मकाण्डी सार्वजनिक महत्त्वको प्रस्तावमाथिको छलफल मात्रै हुनुहुँदैन भन्ने मेरो धारणा रहेको छ ।

अध्यक्ष महोदय, देशको बिग्रँदो अर्थतन्त्रको बारेमा छलफल गरिरहँदा यसको कारण खोज्नु जरुरी छ । देशको आर्थिक बृद्धिदर कोभिड-१९ भन्दा अगाडि ६.५ प्रतिशतले थियो र तत्कालीन एमाले नेतृत्वको सरकारको पालामा ७.५ देखि ८ प्रतिशतसम्मको लक्ष्य राखेको थियो । तर विश्व महामारी कोभिड-१९ को कारणले यो खुम्चिएर २.३ प्रतिशतमा आयो । अहिले कोभिड महामारीबाट मुलुक करिब करिब मुक्त भएको अवस्था छ । तर देशको आर्थिक बृद्धिदर चैं ४ प्रतिशतभन्दा माथि बढ्न सकेको किन छैन? यसको बारेमा खोजी हुनुपर्दछ ।

सन् २०१७ मा प्रतिव्यक्ति आय ८ सय ६७ डलरबाट एमालेको नेतृत्वको सरकारको अन्तिम कार्यकालमा सम्म बढेर यो १ हजार ८५ अमेरिकी डलर पुगेको थियो । अहिले प्रतिव्यक्ति आयको अवस्था के छ? मलाई लाग्छ यो घट्दो अवस्थामा छ । देशमा बेरोजगारीको अवस्था कोभिड-१९ को कारणले बेरोजगारी भएकाहरूले रोजगारी गुमाएका

मान्छेहरूको सङ्ख्या १५ लाख पुगेको थियो । र यसको लागि रोजगारी सिर्जना गर्ने यो करिब झन्नै डेढ, दुई वर्षदेखि चलिरहेको छ । गठबन्धनको सरकार छ । यसले के योजना ल्याको छ? मलाई लाग्छ कुनै योजना ल्याको छैन । किनभने यही गठबन्धन सरकार ढाल्ने, लाग्ने, बनाउने यसैमा ध्याउन्न भइरहेको छ ।

अर्थतन्त्र पूर्वमाननीयज्यूले पनि भन्नुभो', अर्थतन्त्र सङ्कट उन्मुख छ भनेर भनिएको छ । सरकारको तर्फबाट नै यो कुरा स्वीकारोक्ति गरिएको छ । किनभने अब वृद्धाहरूलाई दिने भत्ता पनि दिन सकिँदैन कि भनेर सरकारले आशङ्का व्यक्त गरिरहेको अवस्था छ । त्यसले गर्दाखेरि यो गरिबीको रेखामुनिका जनतालाई माथि उठाउने, भ्रष्टाचार निवारण गर्ने, भ्रष्टाचार निवारणको लागि यही सदनबाट एउटा कानुन बनाइयो, दुई वर्षसम्म कानुनलाई थाती राखियो, झुन्डाएर राखियो । अहिले बल्ल पास गरेर पठाको छ । तर पनि यो चैं, यो प्रतिनिधि सभामा गइसकेपछि धनाड्यहरू र व्यापारीहरूको दबाबमा यो फेरि, यो कानुन चैं तल, माथि भएर आउँदै छ भन्ने सुनिँदै छ । त्यसले गर्दा यी सबै कुराहरूमा चैं सरकारको ध्यान जानुपर्छ र ...... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१५:०१ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, आज हामी जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव जुन प्रस्ताव यो नेपालको अर्थ व्यवस्थासँग जोडिएको छ । यसको विषयमा सत्तापक्ष र प्रतिपक्ष सबैले साझा सरोकारको विषय चाहिँ ठानेर जुन जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता भएको छ । त्यसको उप्पर हामी छलफल गरेका छौं । धेरै माननीयज्यूहरूले प्रस्तावहरूमा रहनुभएका माननीयज्यूहरूले समर्थन माननीयज्यूहरूले कुरा राखिसक्नुभएको चाहिँ छ र म पनि केही कुराहरू राख्न चाहन्छु । यतिखेर हुनत समय छोटो छ । सङ्क्षिप्तमा भन्नुपर्नेभो' ।

संविधानले परिकल्पना गरेको राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने स्वतन्त्र र उन्नत बनाउँदै यो देशलाई समाजवाद उन्मुख अथवा समाजवाद दिशातर्फ लैजाने भन्ने खालको जो परिकल्पना गरेको थियो । देशमा निर्वाचन सम्पन्न भए तर हामी त्यतातिर भन्दा पनि हामी अर्कोतिर गठबन्धनको संस्कृतिमार्फत थुप्रै दलहरू मिलेर हामी सरकार बनाएका छौं । फेरि पनि बजेटको सङ्घारमा हामी नयाँ बजेट फेरि आउँदै छ । गत वर्षको बजेटको कुरो चाहिँ हेर्दाखेरि आर्थिक वृद्धि दर ८ पर्सेन्ट भनिएको थियो । त्यो ४ पर्सेन्ट पनि वृद्धि हुने हो वा होइन ।

शङ्काको घेराभित्र छ । वैदेशिक सञ्चिति जुन डलर थियो । त्यो जुन लक्ष्य गरिएको थियो । त्यसअनुसार हामीसित सञ्चित चाहिँ छैन? सोधान्तर बजेट ऋणात्मक छ । चैतसम्मको अवस्था हेर्दा १ खर्ब ४० अर्बभन्दा बढी ऋणात्मक अवस्थामा छ भन्ने कुरो राष्ट्र बैङ्कबाट जानकारी प्राप्त भ'को छ ।

महङ्गी बढेको, महङ्गीले यति चरम भ'को छ । जो महङ्गीको मारमाथि हामी सबै परेका छौं । यी सबै कुराहरूलाई सुधार गर्नका निम्ति अहिलेको सरकारले कस्तो खालको प्लान बनाउँछ । यो अब आगामी दिनमा तिनै हुने नै छ तर यो जुन स्वरूप देखिएको छ यसले नेपाल एउटा भयावह स्थितिमाथि अगाडि बढिरहेको छ । जसलाई धान्न नसक्ने अवस्थामा चाहिने पुऱ्याउँदै छ भन्ने कुरा यी परिसूचकहरूले आर्थिक परिसूचकहरूले देखाएका छन् र हामी सबै चिन्तित छौं । हामी सबैले संघीय लोकतान्त्रिक, गणतन्त्र व्यवस्था ल्याएर आयौं । यो व्यवस्था जसले अगाडि बढाउनुपर्ने थियो त्यो सकिरहेको छैन । गठबन्धनको संस्कृतिले हामी कतातिर उन्मुख छौं भन्ने कुरा हामी सबैले बुझिरहेका छौं । प्रष्ट बहुमत नआउँदा दुई वा दुईभन्दा बढी दलले सरकार बनाउने प्रावधान थियो तर हामी अर्को बाटोबाट हामी अवलम्बन गरेर देशलाई यो अवस्थामा पुऱ्याइरहेका छौं ।

राजस्वले करिब १४ खर्ब रुपियाँको राजस्व लक्ष्य गरेका थियौं । हामीसँग अहिले ७ खर्ब मात्रै उठेको छ । बाँकी यो वैशाखको पनि आधा आधा गइसक्यो । यो ढाई महिनामाथि ३/४ खर्बभन्दा बढी जाँदैन । जसले गर्दा ११ खर्ब मात्रै हुन्छ । १४ खर्बको लक्ष्य गरिएको राजस्व ११ खर्बमा अड्कियो भने ३ खर्बले कतातिर असर पर्ने हो । अब यो सरकारले यी यी बजेटहरूमा यी यी कार्यक्रममा यसले असर पर्छ भन्ने कुरा सदनलाई जानकारी दिनुपर्छ । हामी त अच्चम्म के मान्छौं भन्दा चालु पुँजी अहिले चालु पुँजी करिब ५४ पर्सेन्ट खर्च भ'को छ । त्यो चालु पुँजी योभन्दा अगाडि पनि बढ्ला तर चाहिँ पुँजीगत खर्च जुन जसरी हुनुपर्ने थियो । पुँजीगत खर्च अहिलेसम्म ३० पर्सेन्टभन्दा नाघ्न सकेको छैन । यो पुँजीगत खर्च जब चाहिँ ननाघ्दा हामीले बजेटले एलोकेट गरेका बजेटले निर्धारित गरेका कार्यक्रमहरू पूरा हुने हुन् वा होइनन्? यसले के देखिन्छ भन्दाखेरि चालु यो पुँजीगत खर्च पनि ५० पर्सेन्टभन्दा बढी जान सक्ने सम्भावना छैन । यसले धेरै अर्थ व्यवस्थाका अर्थसूचकहरूलाई नकारात्मक प्रभाव पर्छ र हामी अन्ततः एउटा असफल राष्ट्र उन्मुख भैराख्या छौं भन्ने कुरो यसले प्रष्ट देखाउँछ ।

र यो वर्ष मात्रै करिब विदेशमा पढ्न जाने विद्यार्थीहरू स्वास्थ्य सेवा लिन जानेहरूको सङ्ख्या टोटल अङ्कमा भन्दाखेरि करिब ७६ अर्ब रुपियाँ नेपालबाट बाहिरिएको छ । र विदेशबाट नेपालमा आउने पर्यटकहरूको खर्च अथवा पर्यटकबाट आउने आम्दानी ३७ अर्ब

छ । यसरी यो घाटा वैदेशिक विदेशबाट आउने यताबाट उता जानेको सन्तुलन हेर्ने हो भने हामी आधाभन्दा बढी माइन्समा छौं । यसले हामी अर्थ व्यवस्थाले हामी कहाँ पुऱ्याउँछ । यसतर्फ पनि गर्नु चाहिँ पर्छ ।

र यो अघि माननीयज्यूहरूले भन्नुभ'को छ देशको अर्थ व्यवस्थाले धान्न नसक्ने आयोजनाहरूलाई हामीले कटौती गर्नुपर्छ । देशको अर्थ व्यवस्था धान्न सक्ने योजनालाई सञ्चालन गर्नुपर्छ । पूर्ववर्ती सरकारले ल्याएका कृषिमा आत्मनिर्भर बनाउने गरी ल्याएका कार्यक्रमलाई अहिलेको सरकारले त्यति ध्यान दिएको छैन र यसैले गर्दा अर्को म.....(समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- (माननीय सदस्य समय सकियो) ।

माननीय विमला घिमिरे ।

(१५:०६ बजे) **माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, हामी अत्यन्तै महत्त्वपूर्ण विषयमा छलफल केन्द्रित गरिरहेका छौं । म यो जरुरी सार्वजनिक महत्त्वको विषयलाई यहाँ प्रस्ताव गर्नुहुने र समर्थन गर्नुहुने सबै माननीयज्यूहरूलाई धन्यवाद दिन चाहन्छु र यो अत्यन्तै समय सन्दर्भमा हामी जुटिरहेका छौं । म यसका निम्ति फेरि पनि धन्यवाद दिँदै खास गरी जनताको मौलिक हकलाई परिपूर्ति गर्ने उद्देश्यले त्यो परिकल्पनासहित जुन राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउँदै समाजवाद उन्मुख अर्थतन्त्रमा परिणत गर्ने जुन लक्ष्य थियो । त्यो लक्ष्यबाट कतै कता कता यो सरकार पछाडि हटेको हो कि जस्तो देखिन्छ । त्यो कसरी देख्न सकिन्छ भन्ने कुराहरू पनि म यहाँ राख्न चाहन्छु । मुद्रास्फीति सीमाभित्र रहेको छैन । आर्थिक वृद्धि दर न्यून भएको छ । विदेशी मुद्रा सञ्चितिमा ह्रास आएको छ । आयातको तुलनामा निर्यात बढ्न सकेको छैन । कुल लगानी र राष्ट्र बचत वृद्धि भएको छैन । यी र यस्ता कुराहरू समग्रमा हेर्दा अर्थतन्त्र चलाएमान छैन । यसले गर्दा यी कुराहरूलाई पुष्टि गर्न सकिन्छ ।

त्यसैले खास गरी कृषिजन्य चिजहरूमा हामीले उत्पादनमा वृद्धि गर्ने भनेर जुन एउटा नीति तथा कार्यक्रममा ल्याउने गरिन्छ र विगतको सरकारले ल्यायो तर ती कुराहरूमा यस्ता पनि घटनाहरू देखिएका छन् । जुन कृषि यान्त्रीकरण गर्ने भनेर कृषिकलाई कृषि औजारहरू वितरण गरियो । तर ती औजारहरूको रकम भुक्तानी गरिएन । मैले अस्ति सुन्दै थिएँ एउटा

मिडियामा मैले हेरेँ । रोल्पामा किसानहरू आन्दोलित भए कृषि यन्त्रहरू वितरण गरियो । कृषिकहरूले चलाइरहेका छन् तर त्यो भुक्तानी भएको छैन । जसले गर्दा किसानहरू सडकमा आए सडकमा आएका किसानहरूलाई लगेर थुन्ने काम गरियो । मैले यसो किन भनिरहेँ भने हामी कृषिप्रति कति उदासीन छौँ । जसले हामी आयात प्रतिस्थापन गरेर निर्यात बढाउने भनिरहेका छौँ तर हामी एउटा सामान्य किसानलाई दिएको मेसिनरी चिजको पनि भुक्तानी दिन सकिरहेका छैनौँ यो पैसा नभएर होइन पैसा रोकिएको छ तर सरकारले यसमा ध्यान नै दिएको छैन । म त्यो किसानको तर्फबाट कृषिमन्त्रीज्यूलाई पनि म ध्यान आकर्षण गराउन चाहन्छु । यो सँगसँगै कृषि मन्त्रालयको पनि म ध्यान जाओस् भन्न चाहन्छु ।

यस्ता यी विषयहरूमा हामीले आगामी दिनमा सरकारले कृषि उत्पादनमा जोड दिने भन्दै केही ऋणमा सहुलियत पनि दिएको थियो विगतमा । ब्याजमा सहुलियत गर्यो तर कृषि उत्पादन त केही किसानहरूले गरे तर कृषि उद्योगहरू स्थापना भएनन् । जसले गर्दा किसानहरूले आफ्नो उत्पादनलाई सडकमा फाल्न बाध्य भए । अनि यो कुरा कहिले सरकारले त्यसको व्यस्थापन कहिले गर्ने हो? उद्योगलाई दिने सहुलियतपूर्ण ऋण थियो । जुन कर्जा थियो । त्यो कर्जालाई किन रोकियो । केही समयअगाडि त्यो कर्जा दिएको थियो र अहिले ती सबै ठप्प भएर बसेका छन् । जसले गर्दा उद्योग स्थापना हुन नपाउँदा उत्पादनहरू खेर गैराखेको छ । हामी कसरी निर्यात बढाउन सक्छौँ? हामी अब बजेटको मुखैमा छौँ । म त्यसैले पनि यी र यस्ता विषयमा सरकारले कहिले ध्यान दिने हो । कि यो सरकारको ध्यान यतापट्टि छ? राष्ट्रिय सहमति त यस्ता विषयमा जनाउन सक्न पर्थ्यो । यस्ता विषयमा सहमति जुटाउन सक्न पर्थ्यो । खालि यो मन्त्री भागभन्डामा मात्रै सभापति र के के भागभन्डामा मात्रै हाम्रो राष्ट्रिय सहमति हो कि । हामी यस्ता विषयमा राष्ट्रिय सहमति गर्नका निम्ति तयार छौँ । म सरकारलाई प्रश्न गर्न चाहन्छु । यो विषय हामी सबैको साझा विषय हो, त्यसैले यसमा राष्ट्रिय सहमति जुटाएर हामी हाम्रो अर्थतन्त्रलाई चलाएमान बनाउँदै हाम्रो आर्थिक अवस्था सुधार्नका निम्ति म ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय माया प्रसाद शर्मा ।

**(१५:११ बजे) माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, यो छलफल अत्यन्त आवश्यक समय सान्दर्भिक विशेष महत्त्व राख्ने छलफल भएको छ र यो अहिलेको वस्तुगत आवश्यकतासँग गाँसिएको छलफलको प्रस्तावक

समर्थक सबै माननीयज्यूहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु र वहाँको उठाएका विषयहरूमा समर्थन गर्न चाहन्छु । आधार उपरिसंरचना राज्य सञ्चालनका आवश्यक सर्तहरू हुन । उपरिसंरचना जति सुकै राम्रो भए पनि आधार ठिक बन्न सकेन भने राज्य अगाडि बढ्न सक्दैन । आधार उपरिसंरचनाको व्यवस्थापन जरुरी हुन्छ । विभिन्न परिवर्तनहरूबाट हाम्रो उपरिसंरचनाहरू परिवर्तन भए । आधार उही प्रकारको छ । राज्य सञ्चालन गर्ने हामी उस्तै उस्तै ढङ्गले दोहोरिएका छौं नौला नौला भएर यसलाई परिवर्तनको रूपमा गुणात्मक ढङ्गले अगाडि बढाउनमा जोड गर्नुपर्छ ।

अनियमितता व्याप्त छ । चुहावट छ । भ्रष्टाचार यो वा त्यो ढङ्गले अगाडि बढिराखेको छ तहगत ढङ्गले संस्थागत ढङ्गले कानुन ढङ्गले यसका बारेमा विशेष हस्तक्षेप गर्नुपर्छ । विकास माग्ने होइन किन्ने परिपाटिको अन्त्य गर्नुपर्छ । पहिले नै विकास माग्नका लागि किन्ने परिपाटि कहीं न कहीं देखापर्छ । त्यो कुरालाई हामीले अन्त्य गर्नुपर्छ । विशेष गरेर शिक्षा चेतनाको मुख्य आधार हो त्यसमा मुख्य जोड गरेर शिक्षा, स्वास्थ्य र कृषिमा विशेष जोड गर्नुपर्छ । जागरूप बनाउनका निमित्त जनतालाई सचेत बनाउनका निमित्त हाम्रो समस्याहरू समाधान एकताबद्ध भएर समाधान गर्नका निमित्त शिक्षामा जागरण जरुरी छ । पहिले बहुदल प्रचारको नाममा स्थगित गरिएका ०३६/०३७ सालतिरको ..... भन्ने थियो त्यस्तै प्रकारले हाम्रा प्रकार हाम्रा प्राप्त गरेका जनशक्तिहरूलाई गाउँ गाउँमा राष्ट्र निर्माणका निमित्त पठायौं भने त्यसले हाम्रो समस्याहरूलाई उजागर गर्ने छ र त्यसले हल गर्नका निमित्त मद्दत गर्छ । स्वस्थ भएपछि राज्य पनि स्वस्थ हुन्छ । त्यसमा विशेष जोड गर्ने कृषिमा विशेष गरेर कृषि अहिले डाँडा पाखाहरू खाली छन् । सबै मान्छेहरू दिनहुँ दिन विदेशतिर पलायन छन् । कृषिमा आधुनीकरणको विषयमा कृषिमा विशेष गरेर बढी जोड गर्नुपर्ने प्रोत्साहित गर्नुपर्ने कृषकहरूलाई त्यो गर्‍यो भने हामी आत्मनिर्भर जान्छुम् । विभिन्न प्रकारका फलफूलहरूको कृषि खेतीहरूको आधुनीकरणतिर जोड गर्नुपर्छ जस्तो लाग्छ ।

विद्युत् निर्यात होइन । विद्युत्को उपयोग गर्नुपर्छ । निर्यातको हामीले अलि अलि प्रचारात्मक भयौं कि जस्तो लाग्छ त्यसको उपयोग गर्नु जरुरी छ । विद्युत्मा उद्योगधन्दा कलकारखाना निर्माण गर्ने र उद्योगधन्दा गरेर अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनालाई साना उद्योग मझ्यौला उद्योग र ठुलो उद्योगमा केन्द्रित गरेर राज्यलाई आत्मनिर्भर बनाउनतिर विशेष जोड गर्नुपर्छ । विद्युत्लाई यातायात परिचालनका हिसाबले पनि विद्युत्लाई प्रयोग गर्‍यौं भने बाहिरबाट आउने तेल किन्नुपर्दैन कम किन्नुपर्छ र हामीले त्यसबाट खाना

पकाउनका निमित्त प्रयोग गयौं भने बाहिरबाट आउने चिजहरूको त्यति आयात गर्नुपर्दैन । त्यसले समस्याको एउटा हल गर्नीतिर जान्छ ।

वन जङ्गल प्रशस्त छ । कुहिएर जान्छ । खेर गएको छ । वन जङ्गलको वैज्ञानिक प्रयोग गरेर जडिबुटी जङ्गल व्यापक सदुपयोग गर्ने र वैज्ञानिकीकरण गरेर जङ्गलबाट आय स्रोतलाई बढाउनुपर्छ र वैज्ञानिक प्रणालीद्वारा यिनीहरूको व्यवस्थापन गर्नुपर्छ । हामीले आत्मनिर्भर अथवा अर्थतन्त्रको व्यवस्थापन गरेर मात्र राज्य सबल बनाउन सक्छौं यो कोही व्यक्तिगत ढङ्गले राजनीतिक रूपले कसै सत्तापक्ष वा प्रतिपक्षको होइन । राज्य असफल भयो भने सबै असफल हुन्छ । यसमा एकताबद्ध तागत राष्ट्र सहमति बनाएर अगाडि जाने सरकारले मेहेनत गर्ने प्रतिपक्षले सहयोग गर्ने कुराको अहिलेको महत्त्व आवश्यकता र अनिवार्यता बन्दै गएको । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय भगवती न्यौपाने ।

(१५:१६ बजे) **<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, वास्तवमा यो सार्वजनिक महत्त्वको विषय देशको अर्थतन्त्रको विषयमा चिन्ता गरेर जे पेस गर्नुभएको छ, प्रस्ताव । यो प्रस्ताव पेस गर्नुहुने माननीय मदन कुमारी शाह (गरिमा)ज्यू र समर्थन गर्नुहुने माननीयज्यूहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

यो यस्तो समयमा पेस गर्नुभएको छ । देशको अर्थतन्त्र अत्यन्तै सङ्कटमा जाँदै गरेको बेला जनतामा चरम निरासा भइरहेको बेला । यस्तो बेलामा यो प्रस्ताव पेस गर्नुभएको छ । र हामी गम्भीर ढङ्गले छलफल गरिरहेको छौं । म यहाँ पेस गरिएका सबै बुँदाहरूलाई समर्थन गर्न चाहन्छु । यो एकदै सान्दर्भिक पनि छ । माननीयज्यूहरूले पेस गर्नुभएका दलिल, माननीयज्यूहरूले पेस गर्नुभएका बुँदाहरूप्रति मेरो समर्थन छ । म दोहोराउन पनि चाहन्नँ ।

वास्तवमा देशको अर्थतन्त्र कमजोर हुनको पछाडिको कारण जसरी आज सूचाङ्कहरू, सुशासनका सूचाङ्कहरू, अर्थतन्त्रका सुचाङ्कहरू नकारात्मक छन् । त्यो के कारणले भइरहेका छन् भन्ने विषयमा गम्भीर हुन जरुरी छ । सरकार गम्भीर बन्न जरुरी छ । आज जनताले जतातते प्रश्न गरिरहेका छन् । सरकार बन्छ । चुनाव हुन्छ । चुनाव जित्नका निम्ति गठबन्धन गरिन्छ । र चुनावपछि गठबन्धन गरेर सरकार बनाइन्छ । त्यो सरकार के का निम्ति?

जनताको निम्ति हो त? यो देशको अर्थतन्त्र सुदृढ बनाउनको निम्ति हो त? होइन भन्ने जनतालाई परिरहेको छ । यसको जवाफ सरकारले, राज्यले दिन सकिरहेको छैन ।

आज महत्त्व भ्रष्टाचार जतातते भ्रष्टाचार व्यत छ । भ्रष्टाचार कहाँ कहाँ छ? भनेर भन्दै गर्दाखेरि कि भ्रष्टाचार पोलिसीमेकिङमा छ । पोलिसी क्याप्चर गरिएको छ । हामीले गत साल पनि लामो बहस गरेम् यो विषयमा । धनाड्यहरूको हितमा, दलाल पुँजीपतिहरूको हितमा, निश्चितघरानाहरूको हितमा चाहिँ पोलिसी जो बनाइन्छ र पोलिसी जसरी क्याप्चर गरिन्छ । यसलाई नियन्त्रण नगरेदेखि यो देशमा अर्थतन्त्र सुदृढ हुँदैन ।

त्यस्तै गरेर अर्को एउटा भ्रष्टाचारलाई रोक्नका निम्ति म त भर्खरै उपनिर्वाचन भएको तनहुँ क्षेत्र नम्बर १ मा उपनिर्वाचन सम्पन्न भएर म यहाँ आउँदै छु । मैले अहिले पनि आफ्नै आँखाले प्रत्यक्ष देखें । चुनाव कसरी जित्नुपर्छ? चुनाव जित्न उम्मेदवारले धेरै पैसा खर्च गर्नुपर्छ । राज्यले आफूले चाहेको उम्मेदवारलाई जिताउनको निम्ति राज्य आफै उपस्थित हुन्छ । र पैसाको खोलो बगाउँछ । भ्रष्टाचार कहाँ कहाँ हुन्छ? उम्मेदवार बन्ने मान्छेले चुनाव जित्नका निम्ति पैसा खर्च गर्नुपर्छ । करोडौं पैसा खर्च गर्नुपर्छ । अनि उसले चुनाव जितिसकेपछि त्यो पैसा उठाउँछ कि उठाउँदैन? भ्रष्टाचार गर्छ कि गर्दैन? यो विषयमा गम्भीर हुन पर्छ कि पर्दैन? मेरो प्रश्न छ । त्यस्तै भ्रष्टाचार अरू कहाँ हुन्छ? भन्दा हामीलाई हरेक मान्छेलाई चाहिने सबभन्दा जीवनमा चाहिने, हरेक मान्छेको जीवनमा चाहिने शिक्षा र स्वास्थ्य आफ्नो सन्तानका निम्ति शिक्षा, स्वास्थ्य उपचारको निम्ति सबैभन्दा ठुलो रकम चाहिन्छ । हरेक मान्छेको जीवनलाई अनि जब शिक्षा र स्वास्थ्य निःशुल्क हुँदैन । शिक्षा र स्वास्थ्यको निःशुल्क प्रबन्ध हुँदैन । तबसम्म भ्रष्टाचार रोकिँदैन । किनभने सन्ताको निम्ति मैले गुणस्तरीय शिक्षा दिनुपर्छ । नेपालमा गुणस्तरीय शिक्षा छैन भने विदेश पठाएर पनि धेरै ठुलो रकम लगानी गरेर मैले मेरो सन्तानलाई शिक्षा दिनुपर्छ । पठाउनुपर्छ । म उपचार गर्नका निम्ति मेरो सन्तानलाई मेरो परिवारलाई उपचार गर्नका निम्ति धेरै ठुलो रकम खर्च गर्नुपर्छ भनेपछाडि रकम कसरी जम्मा गर्ने भन्दा Black Source बनाउने । त्यस्तो खालको अवस्था जबसम्म हुन्छ, तबसम्म शिक्षा र स्वास्थ्यमा निःशुल्क नगर्दासम्म भ्रष्टाचार हुन्छ ।

र म थोरे मात्र भन्छु । कर्मचारीहरूलाई पुग्ने आफू र आफ्नो आश्रितलाई पुग्ने रकम तलबको व्यवस्था नगर्दासम्म भ्रष्टाचार हुन्छ । हामीले एकातिर तलब चाहिँ बृद्धि गर्दै गर्दाखेरि रकम कसरी धान्ने भन्दै गर्दा धेरै ठुलो रकम भ्रष्टाचार हुने गरेको कुरालाई हिसाब किताब गर्न जरुरी छ सरकारले त्यसतर्फ ध्यान दिन जरुरी छ ।

अर्को म भन्न चाहन्छु । म अन्तिममा, काम गर्नसक्ने उमेर समूहकालाई रोजगार देऊ सरकार । काम गर्न सक्ने उमेर समूहकालाई काम देऊ सरकार । जो दक्ष जनशक्ति विदेशिएका छन् । फिर्ता ल्याऊ सरकार । यही रोजगारको अवस्था सृजना गर । रोजगारका उद्योगधन्दा कलकारखानाहरू खोल्न सकिन्छ । भ्रष्टाचार नियन्त्रण गरे धेरै कुरा गर्न सकिन्छ । त्यसैले यसतर्फ सरकारको ध्यान जाओस् । र अन्तिममा भन्न चाहन्छु । योजनाहरू छनौट गर्दै गर्दाखेरि योजनाहरू दबाब र प्रभावमा होइन । देशको समृद्धिको निम्ति ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय रामचन्द्र राई ।

(१५:२२ बजे) **माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, मैले सञ्चार, मिडिया माध्यबाट सुनें सुलुकको अर्थतन्त्र सङ्कटमा छ । त्यो सुनेर अस्ति बोलियो । ए, सरकार सँच्चै मुलुकको अर्थतन्त्र के छ? सदनलाई जानकारी गराउनुहोस् न भनेर भन्यौं । वास्ता व्यास्था गरिएन । जरुरी सार्वजनिक महत्त्वका प्रस्ताव आयो । ढिलै भए पनि मन्त्रीज्यू, अर्थमन्त्रीज्यू सदनमा सहभागी हुनुहुन्छ यसका लागि यो संलग्नताका लागि यसलाई महत्त्व दिइएको सन्दर्भको लागि मन्त्रीज्यूलाई धन्यवाद । अध्यक्षज्यूमार्फत भन्न चाहन्छु ।

साँच्चै मुलुकको अर्थतन्त्र समस्यामा छ? छ भने के कारणले छ? र अर्थतन्त्रको सबै परिसूचकहरू नकारात्मक छन् भने के कारणले छन्? त्यसलाई सकारात्मक बनाउन र जनताको जनजीवनलाई आमनागरिकका जनजीविकालाई व्यवस्थित गर्न के के गरिँदै छ? के के गर्ने योजना छ? आउँदो बजेटले कसरी ती मान्छेहरूको, ती आमनागरिकको नेपाली जनताका त्यो चासोलाई भेटाउने गरी आउँदै छ? म अध्यक्षज्यूमार्फत मन्त्रीज्यूलाई यसको जवाफ दिनुहनको लागि अनुरोध गर्छु । जवाफ मात्रै होइन । जवाफ त मन्त्रीज्यूले अर्थशास्त्री नै हुनुहुन्छ । मुलुकको सबै यो आर्थिक गतिविधिको सप्पै नजिकबाट हेर्नुभा'को छ । उहाँसँग सूचना पनि छ । उहाँले यसको जिम्मा लिनुभा'को छ । स्वभाविक हिसाबले जवाफ दिनुहोला । मैले जवाफ मात्र खोजिन ।

म जनताको हिजो जमिनमा उठिरहेको कुराको सन्दर्भमा कुरा गर्न चाहन्छु । जनताले भनिरहेका छन् । अर्थमन्त्रीज्यूले वा नेपाल सरकारले हामी सांसदहरूलाई यहाँ सदनमा उठेका कुराहरूको जवाफ मात्रै होइन । साँच्चै हिजो १६ सयमा २० किलो चामल किनिरहेको कुरा

आज २२ सय परिरहेको छ । त्यो चाहिँ फेरि १६ सयमा आओस् अझ भयो भने त्यो १५ आओस् । त्यो नतिजा खोजिरहेका छन् । दाल हिजो ८०/९० रुपैयाँमा पाइन्थ्यो । अहिले २०० प्लस रुपैयाँ पर्छ १ के.जी. दालको । त्यो दाल ८०/९० रुपैयाँमा पाइयोस् । जनता चाहिँ यो खोजिरहेका छन् । म अर्थमन्त्रीज्यूलाई अध्यक्षज्यूमार्फत यो ग्यारेन्टी गरियोस् भन्ने चाहन्छु । यसो भयो भने मात्रै साँच्चै सदनमा उभिएर अर्थमन्त्रीज्यूले दिएरहेको जवाफ सार्थक हुन्छ । अन्यथा जवाफको लागि मात्र जवाफ त किन सुन्न पर्‍यो र? सुनिरहेकै हो । यसले केही अर्थ राख्छ जस्तो मलाई लाग्दैन ।

अब हामीमध्ये को को गा'का छौं तरकारी बजारमा थाहा छैन । सागको मुठा कति पैसा पर्छ? आलु कति रुपैयाँ पर्छ? हामीले अर्थतन्त्रमा सुधारको सूचकहरू त्यहाँ खोजेका छौं । कि आमनागरिकको जीवनमा दैनानुदिन प्रभाव पार्ने कुरामा हाम्रो सरकारले त्यहाँ ध्यान पुऱ्याएको छ कि छैन? हामी चाहन्छौं । त्यसमा ध्यान पुगोस् । र आमनागरिकको जीवन जिउनको लागि आजभन्दा भोलि सहज होस् । सरल होस् । अहिले त साँच्चै भन्ने हो भने १० दलको गठबन्धन सरकार, १० दलको बलियो सरकार छ । यो बलियो सरकारले त्यो जनताको साँच्चै दैनानुदिन जीवनलाई सहज बनाउँछ कि बनाउँदैन? बनाउँदैन भने त अर्थ लाग्दैन फेरि १० दल भएको । त्यो त कमजोर हुन्छ । त्यसो भएकोले यो बलियो सरकारले आमनागरिकको जनजीवनलाई जनसरोकारका विषयलाई यसले सहजता प्रदान गरोस् । हामी यो चाहन्छौं ।

अब म थोरै कुराहरू मात्रै राखेर हामीले आयातामा निर्भर भएको अर्थतन्त्र बनायौं । बजेट बनायौं । त्यसो भएपछि आयात प्रतिस्थापित गर्ने भनेर भन्दाखेरि त्यो गर्यो भने त फेरि राजस्व सङ्कलन हुँदैन । त्यसो भएर आयात प्रतिस्थापित गर्ने प्रोग्राममै आउँदैन । किनभने आयातमै निर्धारित बजेट छ । आयात प्रतिस्थापित भयो भने त बजेट त कमजोर हुन्छ । त्यसो भएकोले आउँदो बजेटले के गरोस् भने आन्तिरक उत्पादनलाई जोड दियोस् । आयातलाई उत्पादन हुनेबित्तिकै आयात स्वतः चाहिँ प्रतिस्थापित हुन्छ । त्यसो भएकोले आउँदो बजेटले आन्तरिक उत्पादनमा जोड दियोस् । त्यो कृषि क्षेत्र होला, त्यो पर्यटनक्षेत्र होला, त्यो के के क्षेत्र होला, अर्थमन्त्रीज्यू आफै जान्नुहुन्छ । त्यो क्षेत्रमा ध्यान जाओस् ।

म अन्त्यमा यी सप्पै कुरालाई अर्थतन्त्रको परिसूचकहरूलाई राइट डिरेक्सन दिनको लागि सुशासन, त्यो सुशासन अनुशासनयुक्त सुशासन भयो भने मात्रै यी परिसूचकहरूले राइट डिरेक्सन लिन्छ । म त्यो आस यो सरकारसित गर्छु । हवस्, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय जगप्रसाद शर्मा ।

**(१५:२७ बजे) माननीय श्री जगप्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू बजेट निर्माणको पूर्वसन्ध्यामा एउटा महत्त्वपूर्ण विषयमा छलफल चलिराखेको छ । जसलाई जरुरी सार्वजनिक महत्त्वको विषय बनाएर यो प्रस्ताव गर्ने मदन कुमारी शाह (गरिमा) लगायत समर्थन गर्ने सबै माननीयहरूलाई म धन्यवाद दिन चाहन्छु । र यो समुन्नत अर्थतन्त्र निर्माण गर्नका लागि जुन एउटा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव पेस गरिएको छ यसको म समर्थन गर्न चाहन्छु ।

र मैले २/४ ओटा कुराहरू यहाँ उल्लेख गर्न चाहन्छु । उठाउन चाहन्छु । हाम्रो देशको अर्थतन्त्र सङ्कटमा छ यसका पछाडिका कारण कोरोना हो । यसका पछाडिका कारण केही प्राकृतिक प्रकोप हुन्, भूकम्प हो । यो हामी सबैले जाने मानेको कुरा अदृष्य रूपमा रहेको भ्रष्टाचार, राजनीतिक अस्थिरता पनि यसको एउटा कारण हो । हामीले चर्चा परिचर्चा गरिहरेको कुरा । अर्थतन्त्र कमजोर हुने सङ्कटमा जाने, जानुका पछाडिका कारणहरूमध्ये कतिपय कारणत हाम्रो पहुँच, हाम्रो बुँताभन्दा बाहिरका होलान् । भूकम्प जाने कारण हाम्रो बुँताभन्दा बाहिरको होला । यस्तै अरू अरू । राजनीतिक स्थितरता कायम गर्ने कुरा अथवा भ्रष्टाचारलाई नियन्त्रण गर्न सक्ने कुरा हाम्रो बल बुँताभित्रको हाम्रो बिचार, चेतनाभित्रको कुरा होला सायद । यसका दलहरू अथवा सरकार सञ्चालकहरूले गम्भीर आत्मसमीक्षा गर्ने विषय आफ्नो ठाउँमा होला ।

मुख्य कुरा हामी स्रोत, साधन, प्राकृतिक हिसाबले जस्तो देश एउटा ठाउँमा छ । चाहे जमिन, चाहे जल, चाहे जङ्गल सबै हिसाबले देश सम्पन्न छ भन्ने चर्चा परिचर्चा गर्छौं । तर यसको ठिक ढङ्गले सदुपयोग गर्न किन सकिराखेका छौनौं? यो यसका पछाडिको कतै हाम्रो उत्पादन सम्बन्धमा समस्या कहाँ छ? त्यो उत्पादन सम्बन्धमा हुने स्वामित्त्वको स्वरूप जो त्यसमा हुन्छ । त्यसमा समस्या कहाँ छ? कहाँनिर छ? र हामीले आयात र निर्यात कुरा गर्छौं । आयातको बृद्धि गर्ने कुरा निर्यात घटाउने कुरा गर्छौं । यसका पछाडिका चुरो कुराहरू अथवा समस्याहरू कहाँ छन् भन्ने कुरा चर्चा, परिचर्चा विभिन्न कोणबाट हुन्छन् । समस्याहरू धेरे उठान भएका छन् । म त्यतापटि जान चाहन्नँ । यो देशको अर्थतन्त्रको बाघडोर समालेको अर्थमन्त्री यहाँ हुनुहुन्छ ।

मैले दुई तीनटा यो बजेट निर्माणको पूर्वसन्ध्यामा नीति निर्माण, नीति योजना निर्माणको पूर्वसन्ध्यामा पनि हामी छौं । यो अर्थमा मैले दुई तीनओटा सुझावहरू यहाँ व्यक्त गर्न चाहन्छु । पहिलो कुरा, पहिलो कुरा हामीले कहीं न कहीं कुनै न कुनै ढङ्गले कुनै न कुनै

रूपमा उत्पादन सम्बन्धलाई सुधार गर्न सक्छौं कि सक्दैनौं? हामी बजेट बनाइरहँदा हाम्रो नीति र योजना बनाइरहदाखेरि यसमा हामीले विचार गरौं । भन्ने कुरा मैले एउटा राख्न चाहन्छु ।

दोस्रो कुरा स्वामित्त्वको स्वरूप जो छ । कि सरकार धनी हुने देश राष्ट्र गरिब हुने बैङ्कहरू धनी हुने, ग्राहकहरू कङ्गाल हुँदै जानेको पछाडिको कारण के हो? यसका पछाडिको कारणहरू यसलाई सङ्गोल रूपमा अन्त्य यसको नष्ट गर्न नसके पनि यसलाई सुधार गर्न सायद हामी सक्छौं । हामीले योजना बनाउँदै गर्दा बजेट बनाउँदै गर्दा त्यतापटि केन्द्रित हुन सक्छौं कि सक्दैनौं? यो एउटा सोँचनीय विषय हो र मलाई जहाँसम्म लाग्छ यो सक्छौं हामी राष्ट्रप्रति जनताप्रति जिम्मेवार भयौं । गम्भीर भयौं भने यो सम्भव छ भन्ने कुरा मलाई लाग्छ ।

त्यस्तै हामीले आयात बृद्धि गर्ने कुरा अथवा उत्पादन हामीले बृद्धि गर्ने कुरामा जस्तो फोकस सबैको साझा अभिमत यसमा व्यक्त जे भइरहेको छ । हामीसँग भएको खास गरी जल, जमिन, जल, जङ्गल र जडिबुटी खास गरी यो ५ 'ज'का कुराहरू जो छन् । यसमा हामीले जस्तो केन्द्रित गर्न सक्यौं भने हामीले अर्थतन्त्रलाई सुदृढ गर्न सक्छौं भन्ने कुरा मलाई लागिराखेको छ ।

सम्माननीय अध्यक्ष महोदय, (म एक मिनेट माग गर्न चाहन्छु ।) कि हामीले खास गरी कृषिमा उत्पादनसँग जोडिएको रोजगार अथवा योसँग जोडिएको उद्योगहरूलाई अहिले अगाडि लैजाने सन्दर्भमा यसलाई व्यवस्थित पार्ने सन्दर्भमा हामीलाई थाहा छ । हामीकहाँ स्थिर निजामती छ । हामीकहाँ अस्थिर राजनीति छ । यसलाई समेत मध्यनजर गरेर । हामीले योजना बनाउने कुरा योसँग पनि जस्तो जोडिएको छ । त्यसकारण कृषिलाई मुख्य प्रायोरिटी दिने भनेको अनुदानलाई निरुसाहित गरौं, अन्त्य गरौं र प्रोत्साहन मतबल जस्तो जसले बेसी जस्तो उत्पादन गर्छ । त्यसलाई प्रोत्साहन गर्ने यो नीति ल्याउन शिक्षा, स्वास्थ्यका कुरा पनि अगाडि उठेका छन् । यसलाई केन्द्रित गर्दै अगाडि बढाऊँ । र हामीले यो देशको समस्या ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गोपाल भट्टराई ।

**(१५:३३ बजे) <u>माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, हामी आज यो सार्वजनिक महत्त्वको प्रस्ताव, जुन प्रस्ताव अहिले देशको अर्थतन्त्र, सामाजिक अवस्था, यी सबैलाई इङ्गित गर्ने गरी जुन प्रस्ताव आएको छ । यो प्रस्ताव प्रस्तुत

गर्नुहुने माननीय गरिमा शाहज्यू र सम्पूर्ण समर्थक माननीयज्यूप्रति हार्दिक धन्यवाद भन्न चाहन्छु । खास गरेर अहिले नेपालको अर्थतन्त्र कृषिमा आधारित अर्थतन्त्र नेपालको अर्थतन्त्र हो । अहिलेसम्म उद्योगधन्दाको विकास भएको छैन । त्यसतर्फ ध्यान पनि भएको छैन । कृषिको अवस्था अहिले पनि निर्वाहमुखी छ । त्यसलाई औद्योगीकरण गरिएको छैन । त्यसको ओद्योगीकरणविना नेपालको अर्थतन्त्रको विकास हुनै सक्दैन । त्यसो भएको हुनाले कृषि अर्थतन्त्रलाई बढी जोड दिनपर्छ भन्ने मलाई लाग्छ । अहिले पहाडका उत्पादन हुने जमिनहरू उत्पादनशील जमिनहरू अहिले बाँझा छन् । बाँझा के कारण छन् भन्दा त एउटा त जनशक्ति पलायन भा' छ ।

दोस्रोः अहिले पहाडका धेरै ठाउँहरूमा बाँदरको बिगबिगी छ । त्यो बाँदरको कारणले पनि जमिनमा खेती नगर्ने र त्यो गरेर अब खान पाइँदैन किन गर्ने भन्ने परिस्थिति छ । त्यसो भएर कम से कम त्यो निर्वाहमुखी कृषिलाई पनि  कम से कम आफ्नो परिवारको निम्ति गर्न सक्थ्यो । त्यो पनि नभएर ऊ पल्यान भएको छ । त्यसो भएर यो बाँदर व्यवस्थापन पनि एउटा कृषिको निम्ति कम से कम निर्वाहमुखी कृषिको निम्ति गर्नुपर्ने आवश्यकता देखिन्छ र अरू हामी यो कृषिमा ओद्योगीकरणको कुरा त परै छोडौं । केही सङ्कलन केन्द्रहरू निर्माण गर्नको निम्ति योजना बन्या छ । त्यो योजना त्यतिकै अलपत्र छ ।

बुटवलमा एउटा कृषि सङ्कलन केन्द्र बन्या छ । त्यो लुम्बिनी प्रदेशका जिल्लाहरूलाई टर्गेट गरेर बनाइएको हो । सङ्कलन केन्द्र हो । उत्पादन भएका वस्तुहरू नकुहिने र लामो समयसम्म रहने । कुनै व्यवस्था छैन । त्यसो भएको हुनाले त्यसतर्फ सबभन्दा पहिला ध्यान पुग्नपर्छ भन्ने मलाई लाग्छ । त्यो भयो भने मान्छेले चाहिँ जाँगर गर्छ । उत्साह बढ्छ । रोजगारी बढ्छ । त्यसतर्फ ध्यान गएको छैन । अस्ति हामी समितिको तर्फबाट जुम्लाका केही ठाउँहरूमा हामी गा' थियौं । त्यहाँ स्याउको उत्पादन प्रशस्त छ । तर उहाँहरूले अहिले हामीले खान कहाँबाट दिनुभयो भने खाल्टाबाट निकालेर स्याउ खान दिनुभयो । हामीले चाहिँ राख्ने ठाउँ पाएनौं । के गर्ने हामीले उत्पादन बढाउँथ्यौं । धेरै उत्पादन गर्थ्यौं तर त्यो उत्पादनलाई जोगाएर राख्ने र बेच्ने अवस्था छैन । त्यसो भएको हुनाले हामीले गर्न सकेनौं । उहाँहरूको भनाइ त्यही थियो । त्यसो भएको हुनाले हामीले अब कृषिमा आधारित मैले कृषिलाई मात्रै अलिकति चाहिँ जोड दिएँ । कृषिमा आधारित अर्थतन्त्रको विकासमा एउटा पक्ष कृषिलाई जोड दिनपर्छ भन्ने भनाइका साथ मेरा भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सुमित्रा वि.सी. ।

**(१५:३८ बजे)** **माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव छलफल गर्न गरिरहेका छौं । यो प्रस्तावका प्रस्तावक माननीय मदन कुमारी गरिमा शाह र समर्थक १० जना माननीयज्यूहरूलाई म हार्दिक धन्यवाद दिँदै म यो प्रस्ताव पूर्ण समर्थन गर्न चाहन्छु । समय सान्दर्भिक ठिकै बेलामा आएको त्यो प्रस्ताव यसका बारेमा हामी सबै चिन्तित छौं ।

देशको अर्थतन्त्र डामाडोल भएको महङ्गीले आकाश नाघेको विभिन्न वस्तुहरूमा दिन प्रतिदिन दोब्बर मात्र होइन । तेब्बर चौबर हुँदै महङ्गी भइराखेको र यसको कुनै अनुगमन नियन्त्रण नभइरहेको हामी सञ्चार माध्यमहरूबाट सुन्न सक्छौं तरकारी र फलफूलमा विषादीले आज तमाम् बालबालिकाहरू बिरामी भइरहेका समाचारहरू आइराखेका छन् र अर्थतन्त्र भित्र्याउने नाममा पर्यटकहरू भित्रिनेभन्दा बाहिर शिक्षाको लागि र विभिन्न उद्देश्यका लागि बाहिरिने विद्यार्थीहरू र ऊर्जाशील जनशक्तिहरू बाहिरिएर नेपालको ठुलो धनराशी बाहिरिएको कुरा हामी सबैलाई थाहा छ र विभिन्न बाहाना र कारणमा बाहिरिने जनशक्तिहरू एक दिनमा ६५ हजारभन्दा बढी बाहिरिएको केही तथ्यहरू हामी फेला पारिरहेका छौं र यो जनशक्ति ऊर्जाशील जनशक्तिलाई रोक्नका निम्ति नेपाल सरकारले विभिन्न कलकारखाना र उद्योगधन्दा नेपालमै उत्पादन गर्न सक्यो, नेपालमै उद्योगहरू धन्दाहरू खोल्न सकेपछि पक्कै पनि यो जनशक्ति बाहिरिने थिएन ।

र यो जुन बैङ्कहरूले लगानी गरिरहेका छन् । सस्तो ब्याज देखाएर उत्पादन नहुने घरजग्गा र गाडीमा लगानी गरेर सस्तो ब्याजमा लगानी गरेर त्यो अनुत्पादक ठाउँमा लगानी हुँदा अर्थतन्त्र चलायमान हुन सकेन र अहिले आएर फेरि त्यसको आफ्नै ढङ्गले ब्याजहरू बढाउँदाखेरि साढे आठ पर्सेन्टमा गरेको लगानीलाई अहिले १३/१४ पर्सेन्ट ब्याज बनाएपछि त्यो ब्याज र साउ तिर्नका निम्ति पनि ऋण तिर्नका निम्ति फेरि ऋण लिनुपर्ने एउटा बाध्यता छ । यी सबै बाध्यताहरूलाई समाधान गर्ने गरी अब बन्दै गरेको आर्थिक बजेटमा अर्थमन्त्रीले विचार पुऱ्याउनुहुने छ । जस्तैः फलामजन्य वस्तुमा ६३ पर्सेन्ट कर घटाउने र यसले मलाई लाग्छ यी ठुला घरानियाहरूलाई मात्रै फाइदा हुने र साना कृषिकहरू नेपाली जनताहरू शिक्षा, स्वास्थ्यबाट वञ्चित हुने ठुला बडालाई मात्रै ..... (समय सकिएको) ।

**(१५:४३ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, उक्त जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

मानननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री प्रकाशशरण महतलाई सुदृट अर्थतन्त्र निर्माण गर्नका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन भन्ने विषयको जरुरी महत्त्वको प्रस्तावमाथिको छलफलका क्रममा उठेका विषयहरूको सम्बन्धमा जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१५:४४ बजे) **मानननीय अर्थमन्त्री श्री प्रकाशशरण महत**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले म मदन कुमारी शाह गरिमाजीले प्रस्तुत गर्नुभएको सुदृढ अर्थतन्त्र निर्माणका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन होस् भनेर प्रस्तावित सार्वजनिक महत्त्वको प्रस्ताव र त्यो प्रस्तावको समर्थन गर्नुहुने माननीयज्यूहरू र यी प्रस्तावउपर छलफलमा भाग लिनुहुने सम्पूर्ण माननीयज्यूहरूलाई अध्यक्षज्यूमार्फत हार्दिक धन्यवाद दिन चाहन्छु ।

अध्यक्ष महोदय, सर्वप्रथम त म सुरुमै म क्षमा याचना गर्न चाहन्छु । समयमा म यहाँ उपस्थित हुन सकेन । त्यसको कारण थियो । प्रधानमन्त्रीज्यूको कार्यकक्षमा सम्माननीय सर्वोच्च अदालतको प्रधानन्यायाधीशज्यूलगायत अन्य न्यायाधीशज्यूहरूको समेत उपस्थितिमा उहाँहरूको केही चासो र चिन्ताहरू थिए । त्यो अर्थतन्त्रसँग जोडिएका विषय पनि थिए । त्यसमा मलाई तत्काल उपस्थितिको लागि बोलावट भयो सम्माननीय अदालतको प्रधानन्यायाधीशलगायतको त्यो उपस्थितिमा पनि म पुग्नै पर्ने भएको हुनाले अध्यक्षज्यूलाई मैले यसको जानकारी दिएर केही समय लाग्न सक्दछ । त्यसो हुनाले मेरो उनुपस्थित होउनजेलसम्मको लागि हाम्रो सरकारको माननीयहरूको मन्त्रीजी उपस्थित हुनुहुन्छ भनेर मैले यो भनेको थिएँ । त्यो पनि अध्यक्षज्यूमार्फत यहाँहरूलाई म जानकारी दिन चाहन्छु । त्यसकारणले मात्रै म ढिलो भएको हो मलाई थाहा छ । सदनको गरिमा म पनि यो तल्लो सदनको सदस्यको नाताले दुवै सदनको महत्त्व के छ भन्ने मलाई थाहा छ । यो कुरा यहाँहरूले अब मैले भनिसकेपछि बुझ्दिनुभयो भन्ने मैले ठानेको छु ।

यो सार्वजनिक महत्त्वको प्रस्तावमा मदन कुमारी शाह "गरिमा"जी को प्रस्ताव समर्थनमा अनिता देवकोटाजी, खिमलाल देवकोटा, जयन्ती देवी राई, जितेन्द्र नारायण देव, तुल प्रसाद विश्वकर्मा, दिल कुमारी रावल थापा "पार्वती", डाक्टर विमला राई पौडयाल, शेखर कुमार सिंह, सुरेश आले मगर सबै प्रस्तावक र समर्थकहरू र जो यहाँ आज त्यस विषयमा बोल्नुभो' दुई जनाबाहेक समर्थकमा वहाँहरूले पनि यहाँ आफ्नो कुराहरू राख्नुभो' त्यस्तै गरेर यो प्रस्तावमाथि छलफलमा भाग लिनुहुने राजेन्द्र लक्ष्मी गैरे, प्रकाश पन्थ, देवेन्द्र दाहाल, भैरव सुन्दर श्रेष्ठ,

विमला घिमिरे, माया प्रसाद शर्मा, भगवती न्यौपाने, जगप्रसाद शर्मा, गोपाल भट्टराई, सुमित्रा वि.सी. सबैलाई वहाँहरूको महत्त्वपूर्ण भनाइको लागि र चासो र चिन्ताको लागि पनि म धन्यवाद दिन चाहन्छु ।

सर्वप्रथम म यहाँहरूलाई के अनुरोध गर्न चाहन्छु भने जति यहाँहरूलाई अर्थतन्त्र एकदमै सङ्कटग्रस्त भयो समाप्तिको बाटोतर्फ गयो भन्ने जुन चाहिँ पर्सेप्सन त्यो समाजमा पनि यहाँहरूलाई पनि लागेको छ । त्यस्तो स्थिति चाहिँ होइन । अवश्य पनि अर्थतन्त्रमा केही दबाब परेको छ । केही अप्ठ्याराहरू आएका छन्, ती दबाब र अप्ठ्याराहरूलाई फुकाउन जरुरी छ र केही संरचनागत समस्याहरू पनि छन् । हाम्रो गभर्नेन्सको पनि समस्याहरू छ । यो एक वर्षमा दुई वर्षमा आएका समस्याहरू होइन । त्यसको एउटा श्रृङ्खला छ । त्यसमा केही न केही समस्याहरू चाहिँ थपिँदै गएका छन् । ती कारणहरूले पनि हाम्रो अर्थतन्त्रमा राज्यको तर्फबाट सरकारको तर्फबाट जुन प्रभावकारी भूमिका निर्वाह हुनुपर्ने हो त्यसमा अवश्य पनि केही कमी कमजोरी आएकै छन् न यो वर्तमान सरकारले अहिले भर्खरै सिर्जना गर्या समस्या हो । न योभन्दा अगाडिको सरकारले एकै वर्षमा सिर्जना गर्या सरकार हो । त्योभन्दा अगाडिको सरकारदेखि जोडिँदै विभिन्न खाले समस्याहरू जोडिँदै जोडिँदै हाम्रो चाहिँ अर्थतन्त्रमा जुन इफिसिएन्सी, प्रभावकारिता हाम्रो खर्चको प्रभावकारिता, पुँजीगत खर्चको प्रभावकारिता र पुँजीगत खर्चको विस्तार त्यसमा समस्याहरू छन् । हाम्रो साधारण खर्च जहाँ तलब भत्तालगायत सामाजिक सुरक्षाका विषयहरू पनि छन् । अरू कतिपय विषयवस्तुहरू पनि छन् । त्यसको प्रभावकारिता र बढ्दो त्यसको दायित्व साधारण खर्चको बढ्दो दायित्व यो हरेक सरकारको बेलामा यो थपिँदै गा'को छ । त्यसकारण न यहाँ हामी अहिले चाहिँ सरकारमा बसेका छौं भनेर हामीले मात्रै सिर्जना गरेको स्थिति हो । न अरू जो अहिले चाहिँ विपक्षमा हुनुहुन्छ । अहिले सरकारमा हुनुहुन्न वहाँहरूले मात्रै सिर्जना गरेको हो भनेर पनि म भन्दिनँ ।

त्यसकारण मलाई लाग्छ । हामीले क्लेक्टिभली सामूहिक रूपमा यो परिवेश कसरी विकसित भयो? कहाँ कहाँ सुधारका आवश्यकताहरू छन्? भनेर त्यसलाई हामीले सामूहिक रूपमा समाधानतर्फ उन्मुख हुनुपर्दछ । यहाँ अध्यक्षज्यूमार्फत म के भन्न चाहन्छु भने यहाँ बोल्ने वक्ता सदस्यज्यूहरूले पनि भन्नुभो' अहिलेको आवश्यकता भनेको अर्थतन्त्रलाई गति दिनको लागि विपक्ष सरकारमा बसेकाहरू सबै मिलेर दृष्टिकोण बनाएर अगाडि बढ्ने कुरा त्यसमा मेरो सहमति छ । त्यसमा हामी चाहिँ सहकार्य गरेर अगाडि बढ्नुपर्दछ । त्यो किसिमको छलफल पनि नेतृत्व तहमा अगाडि बढिरहेको छ ।

अब म समग्रमा अहिलेको अर्थतन्त्रको समग्र अवस्था के हो त? भन्ने विषयमा छोट्कारीमा म राख्न चाहन्छु । जसरी यहाँहरूले चाहिँ प्रस्तुत गर्नुभा'को छ । एकदमै काहाली लाग्दो स्थिति होइन । यो म अध्यक्षज्यूमार्फत यहाँहरूलाई र सम्पूर्ण देशवासी दिदीबहिनी दाजुभाइहरूलाई निवेदन गर्न चाहन्छु । हामी यो अर्थतन्त्रलाई सुधारतर्फ उन्मुख गराउन सक्छौं । यहाँ देखेका समस्याहरूलाई हटाउन सक्छौं । ठोस् प्रतिबद्धता हामीसँग छ । अवश्य पनि समस्याहरूका छन् । त्यसमा यी सम्पूर्ण समस्याहरू हटाउन केही समय लाग्छ । केही धैर्यताको आवश्यक पर्छ अर्थतन्त्रलाई । चलायमान बनाउने कुरा भनेको आज बोलेर भोलि तुरुन्तै चमत्कार हुने कुरा होइन । यसको लागि निरन्तर रूपमा काम गर्नुपर्छ । म अर्थमन्त्रीको नाताले र सरकारको एउटा सदस्यको नाताले सम्पूर्ण सरकारको तर्फबाट म के विनम्र यहाँहरूसँग प्रतिबद्धता जाहेर गर्न चाहन्छु भने हामी सम्पूर्ण रूपमा पूर्ण इमानदारिताका साथ आफ्नो क्षमता योग्यताले भ्याएसम्म जनता पार्टी पनि होइन व्यक्ति त हुँदै होइन व्यक्ति र पार्टी, म र पार्टीभन्दा माथि उठेर देश र जनतालाई केन्द्रविन्दुमा राखेर म काम गर्छु हामी काम गर्छौं र अर्थमन्त्रीको हैसियतले त्यो काम गर्ने प्रतिबद्धता म जनाउँछु तर म भर्खरै भर्खरै एक महिना पनि पुग्या छैन अर्थमन्त्री भएको र अब बजेटको समय आइनै सक्यो अहिले सम्पूर्ण कुराहरू यी समस्याहरूलाई हटाएर सम्पूर्ण रूपमा सफा गरेर सारा कुरा चाहिँ गर्न सक्छु भनेर दाबी गर्दिनँ तर सबैको सहयोगबाट हरसम्म प्रयास यो अर्थतन्त्रलाई चलायमान गर्नेतर्फ मेरो सम्पूर्ण प्रयास केन्द्रित हुने छ । यो प्रयास केन्द्रित हुने क्रममा केही समस्याहरू छन् । त्यो समस्या भनेको के हो भने यो कोभिडको बेलामा जुन कोभिडको महामारी भयो राहातको आवश्यकता पर्यो भ्याक्सिनको आवश्यकता पर्यो, तत्काल सहयोग गर्नपर्ने आवश्यकता पर्यो ।

त्यसकारण हाम्रो मौद्रिक नीति पनि खुकुलो भयो फिस्कल लेभलमा पनि हामीले चाहिँ त्यहाँ ठुलो लगानी गर्यो त्यसले गर्दाखेरि त्यसमा अरूखाले समस्याहरू यो चाहिँ प्राइस लेभल यो मूल्य वृद्धिका समस्या र बाह्य जुन हाम्रो सञ्चिति छ । विदेशी मुद्राको सञ्चितिमा दबाब यी सम्पूर्ण कारणहरूले गर्दा केही रेस्ट्रिक्टिभ मेजरहरू चाहिँ अपनाए राष्ट्र बैङ्कले इम्पोर्ट रेस्ट्रिक्सनका कुराहरू पनि गर्यो अहिले पनि हाम्रो भन्सारमा आधारित यो राजस्वको स्वरूप अझै पनि हामीले त्यसको निरभर्तालाई धेरै कम गर्न सक्या छैन । र यो सँगसँगै यो मौद्रिक नीतिलाई टाइट गर्दाखेरि ब्याज दर त्यसले गर्दा बढ्दाखेरि जसले चाहिँ ऋण लिएका थिए । एउटा हिसाब किताब गरेर लिएका थिए । त्यो हिसाब फेल भयो त्यो ब्याज दर चाहिँ निकै बढ्दिँङ्कदाखेरि त्यहाँ एउटा समस्याहरू आयो । त्यसले गर्दा यो अर्थतन्त्रमा यो चलायमान हुने कुरा पुँजी प्रवाह

हुने कुरामा समस्याहरू आए । सरकारको तर्फ हाम्रो पुँजीगत खर्च गर्ने क्षमतामा समस्याहरू छन् । त्यो समस्या यो वर्ष पनि रहयो ।

झन दुई दुईओटा चुनाव यसैबखत स्थानीय चुनाव र केन्द्रको पनि चुनाव भएको हुनाले हाम्रा ध्यान पनि त्यसमा चाहिँ पूर्ण रूपमा सिमग्र रूपमा यो अर्थतन्त्रलाई अगाडि बढाउनको लागि सम्पूर्ण राज्य संरचनाको ध्यान पनि त्यसमा पुऱ्याउन पनि कठिन भयो । त्यो परिवेशमा यो फिस्कल पोलिसीमार्फत अर्थात् हामीले सरकारी खर्चमार्फत, पुँजीगत खर्चमार्फत अर्थतन्त्रलाई चलायमान गर्ने कुराहरूमा पनि केही समस्याहरू आए । हाम्रा केही संरचनागत समस्याहरू पनि छन् । हामी ठेक्का लगाउछौं तर त्यहाँ साइड क्लियरेन्स पनि भैसक्या छैन । त्यहाँ वन क्लियरेन्स भा' हुँदैन । मुआब्जा दिइसक्या हुँदैन । पोलहरू घटाइसक्या हुँदैन । ठेक्का लागिसक्छ । ठेक्का लागिसकेपछि त्यहाँ चाहिँ प्रोभिजन हुन्छ ठेक्काको, उसले समय काम गर्न पाएन भने दाबी गर्ने ठाउँ हुन्छ । उल्टो दाबी ठेक्केदारले दाबी गर्दाखेरि त्यसको चाहिँ लागत हाम्रो चाहिँ के छ भने हाम्रो कामका लागत बढ्दै गयो । समय पनि बढ्दै गयो समय पनि बढ्दै गयो । दुइटै कारणले हाम्रो लगानीको लागत बढ्यो र समयमा खर्च भएन विदेशी सहयोग जुन एडीबी वर्ल्ड बैङ्क अरूबाट आएका छन् । त्यो पनि समय खर्च हुन सकेन ।

त्यसले गर्दाखेरि अर्थतन्त्रलाई चलायमान गर्न त्यहाँबाट पनि समस्या आयो ब्याज दरले पनि त्याबाट चाहिँ मौद्रिक नीति राष्ट्र बैङ्कको अधीनमा छ । त्यो अधिकार क्षेत्र दिएको छ । हामीले अनुरोध गर्या गरै छौं । अब अहिले चाहिँ सङ्कुचनको स्थिति छ । अर्थतन्त्रलाई चलायमान गर्नुपर्ने अवस्था छ । अब समय आयो कि यो चाहिँ ब्याज दरमा पुनर्विचार गरेर, बैङ्कहरूले पुनर्विचार गरेर अरू मौद्रिक नीतिका यन्त्रहरू छन् । त्यसको प्रयोग गर्नुस् । चाहे यो सेयर मार्केटको कुरा होस् । चाहे अर्थतन्त्रलाई चलायमान गर्ने कुरा होस् । ल्यान्डिङ वृद्धि भएर उद्योग व्यवसायमा लगानी गर्ने कुरामा होस् त्यहाँ समस्या आयो । त्यसकारण त्यो समस्या समाधान गर्नुपर्यो त्यस्तै गरेर ऋण लिएकाहरूलाई जुन दबाब महसुस गरिराख्या छन् । ब्याज दर बढ्दाखेरि केही समय वहाँहरूलाई तिर्नको लागि समय दिन पर्यो भन्ने कुराहरू चाहिँ यो हामी उठाइराख्या छौं । मूलतः यसको सम्बोधन राष्ट्र बैङ्कको तर्फबाट हुनुपर्छ । हामीले निरन्तर कुरा गरिराख्या छौं । हामीलाई आशा छ । यो राष्ट्र बैङ्कको तर्फबाट पनि केही अवश्य पनि केही पहलकदमी चाँडै नै हुने छ । र हुनुपर्छ भन्ने मलाई लाग्या छ । यो हुनेबित्तिकै र यतातिरबाट अब आउने आर्थिक वर्षमा र अहिलेदेखि नै हाम्रो खर्च गर्ने क्षमतामा व्यापक वृद्धि गर्नुपर्छ ।

वर्षको अन्तिम समयमा गएर तेस्रो चाहिँ तेस्रो त्रैमासिकमा चौथो त्रैमासिकमा ठेक्का लगाउन थाल्ने प्रवृत्ति कतिपय मैले अहिले हेरैं त्यहाँ आएको अर्थमनत्रालयमा आएको फाइलमा

अहिलेसम्म आएको खर्च जिरो अब ठेक्का लाउन पर्यो चाहिँ पैसा स्वीकृत गर । हामी नौ महिनासम्म त्यसमा पहलकदमी गरिराख्या छैनौं । त्यसकारण सम्पूर्ण राज्य संयन्त्र क्रियाशील हुनुपर्यो । कर्तव्य निष्ट हुनुपर्यो चाहे राजनीतिककर्मी हुँ । चाहे राज्य संरचनाको राष्ट्रसेवक कर्मचारी होस् । सबैले एकाकार भएर एउटै लक्ष्य प्राप्तिको लागि लाग्नुपर्यो । त्यसकारण म विश्वास दिलाउन चाहन्छु । हामी डे वानबाट यो बजेट प्रस्तुत भएर जुन नयाँ वर्ष सुरु हुन्छ । अहिलेदेखि सुरु गर्छौं । डे वानबाट अर्को जुन बजेट हामी कार्यान्वयनमा लान्छौं । नौ महिना पर्खिने होइन । छ महिना पर्खिने होइन । पहिलो दिनबाटै प्रक्रिया सुरु गरौं । हामीले ठेक्काहरूमा जुन साइड क्लियरेन्स नगरीकन ठेक्कापट्टा लगाउने साइड क्लियरेन्स गरेर त्यो अगाडि बढौं भन्ने कुरालाई हामीले प्राथमिकता दिन्छौं र यसले एउटा इफिसिएन्सी हाम्रो लगानीको प्रभावकारिता र छिटो छरितो ढङ्गबाट त्यो लगानी हुँदाखेरि अर्थतन्त्र चलायमान हुन्छ ।

यहाँ माननीयज्यूले यो युवाहरूको चाहिँ पलायन हामी सबै चिन्तित छौं । रोजगारी सिर्जना गर्नुपर्यो । सरकारले कसरी रोजगारी सिर्जना गर्छ भन्ने सबल उठाउनुभा' छ । त्यो चाहिँ सबाल हो । रोजगारी सरकारले अब म यति रोजगारी दिन्छु । ६ लाखलाई दिन्छु । १० लाखलाई दिन्छु एक वर्षमा रोजगारी सिर्जना हुँदैन । त्यसको लागि देशमा लगानी गर्नुपर्छ । लगानी बढ्नको लागि लगानी छिटो छरितो विन झन्झट अहिले संसारले नै त्यो लगानी आकर्षित गर्न एकभन्दा प्रतिस्पर्धी प्याकेज अगाडि बढाइरा' छ । हामीले चाहिँ त्यसमा किन आ'को हो । के गर्न आ'को हो । यत्रो गर्न ला' छ । केही अरू हुँदैन? भन्ने खाले रेन्ट सिकिङ बिहेभियरलाई हामीले पूर्ण रूपमा त्याग गर्नुपर्छ र तत्काल त्यस्ता लगानीहरूलाई भित्र्याउनुपर्छ । लगानी बढ्छ । उद्योग व्यवसाय बढ्छ । उद्योग व्यवसाय बढ्नेबित्तिकै रोजगारी स्वतः बढ्छ । त्यसको लागि सरकारले आफैले मैले म यतिलाई रोजगारी दिन्छु । यति म यो दरबन्दी खोल्छु भनेर त्यो सम्भव पनि छैन त्यसो भएर रोजगारी सम्पूर्णको आवश्यकता पनि पूर्ति हुँदैन । उद्योग व्यवसाय बढ्नुपर्यो । लगानी बढ्नुपर्यो लगानी बढ्नुपर्यो । संसारभरि त्यही हुन्छ । यहाँ पनि त्यसरी नै रोजगारी बढाउने हो त्यो गर्नेतर्फ हामी सबै उन्मुख हुन्छ । कृषिमा होस् पर्यटनमा होस् । ऊर्जा क्षेत्रमा होस् पूर्वाधार क्षेत्रमा होस् । आईटी सेक्टरमा होस् । हामीले लगानी बढाउनुपर्यो ।

तपाईंहरूलाई म चाहिँ एउटा राम्रो कुरा एउटा भइराख्या छ । त्यो पनि निवेदन गर्न चाहन्छु । यो आईटी सेक्टरमा खास गरेर कोभिडको बेला जब बन्दाबन्दी भए युवाहरू चाहिँ अब घरमा बसेर त्यो एक्सप्लोर गर्न थाले अहिले ठुलो सङ्ख्यामा युवाहरू यो आईटी सेक्टरमा त्यो सर्भिस हार्डवेयर खास गरेर त्यो सफ्टवेयरमा इन्भल्भ छ । यद्यपि अझ त्यसलाई हामीले

संस्थागत गर्न सक्या छैन । त्यसलाई चाहिँ हामीले चाहिँ समग्र रूपमा संस्थागत गरेर ल्याउन सक्या छैनौं । त्यतातर्फ हाम्रो चाहिँ ध्यान जान्छ । अब यो कोभिड पनि समाप्त भएर एउटा अलिक सहज स्थिति भ'को हुनाले अहिले पर्यटन बढी भा' छ । पर्यटक आउने सङ्ख्या बढिरा' छ । होटेलहरू फुल भइराख्या छन् । यसबाट पनि अर्थतन्त्र चलयामान हुने र रोजगारी सिर्जना हुने हामीले ठहर गर्या छौं । यद्यपि बाह्य समस्याहरू चाहिँ छन् ।

यो चाहिँ युक्रेन रसियाको युद्ध त्यसबाट फैलिने खतराहरू शक्तिशाली राष्ट्रहरूको बिचमा टकराबले गर्दाखेरि हामी सबै त्यसलाई चिन्तित भएर हेरिराख्या छौं । हामी आशा गरौं विकास गरौं । यो नबढोस् शान्तिपूर्ण समाधान होस् र हामीले चाहिँ शान्तिपूर्ण तरिकाबाट आम नागरिकको जुन आवश्यकता छ । ती आवश्यकता पूर्तितर्फ हामी उत्मुख हुन सकौं । अहिले समस्या अवश्य पनि हाम्रो राजस्वमा छ । यो राजस्वको समस्याले गर्दाखेरि बजेटको आकारमा प्रभाव परिराख्या छ । मैले भनिहालें । राजस्वमा समस्या कहाँबाट आयो भन्दाखेरि अर्थतन्त्रमा शिथिलता आएपछि ब्याज दर चर्को भएर शिथिलता आयो । अर्कोतर्फ सरकारी खर्च प्रवाहमा त्यो पुँजीगत खर्च ज्यादा हुन नसक्दाले त्यसबाट पनि प्रभावित भए र यो चाहिँ इम्पोट रेस्ट्रिक्सनबाट पनि यो चाहिँ राजस्व प्रभावित भयो । त्यसकारण हामीले राजस्व अवश्य पनि कम उठ्या छ । गत साल जो हामीले उठाको थियौं । कम्तीमा त्यति उठाउने हाम्रो प्रयास छ । जबर्जस्ती गरेर त उठ्दैन । जहाँ लुप होल छन् । जहाँ चाहिँ त्यहाँ चुहावट छ । सख्त निर्देशन दिइया छ । गृह र अर्थमन्त्रालय संयुक्त रूपमा कहीं कतै पनि सम्झौता हुनुहुँदैन जे जायज छ । जहाँ कर उठाउनुपर्छ कानुनले दिएको छ । कहीं कतै सम्झौता नहोस् त्यस्तो भयो भने चाहिँ कारबाही हुन्छ तर त्यो भनेर फेरि जसलाई पनि जयाज रूपमा तिरिरहनेलाई पनि दुःख दिने कुरो हुँदैन यो कुरो हामीले स्पष्ट ढङ्गबाट चाहिँ भनेका छौं अब हामीले यो मौद्रिक नीति र वित्त नीति फिस्कल पोलिसीमार्फत हामीले चाहिँ अब यो पुँजीगत खर्च सकेसम्म अलिक बढाउन पनि कोसिस गर्ने र त्यस पनि खास गरेर त्यसको चाहिँ खर्च गर्न क्षमता प्रभावकारीमा वृद्धि गरेर अर्थतन्त्रलाई चलायमान गर्छौं ।

अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत म सम्पूर्ण माननीयज्यूको चासो र चिन्ताप्रति म के भन्न चाहन्छु भने अलिकति धैर्यता यहाँहरूले लिनुस् । अर्थतन्त्र चलायमान हुन्छ । हामी नेगेटिभ सब बिग्रियो बिग्रियो भन्यो भने सबैले यो बिग्रेकै हो भन्नेतिर हाम्रो सोच..... अब सुध्रिँदै छ सुध्रिँदै छ । यो सुध्रिन्छ । म यो चाहिँ प्रतिबद्धता गर्छु र हामी समग्र रूपमा हाम्रो अर्थतन्त्र सूचक पनि एकदमै खराब भयो भन्ने होइन, ४ पोइन्ट ५ प्रतिशतसम्म आर्थिक वृद्धि यो साल हुन्छ भन्ने छ । ४ पोइन्ट १ अहिले भ'कै छ अहिले चाहिँ संसारभरि नै आर्थिक वृद्धिको रेट

घट्या छ । चीनमा पनि ४ पर्सेन्ट सम्थिङको रेट भारतमा अझ ६ प्रतिशत रेट छ । अरू धेरैको रेट अझ कम छ हामी यो प्रतिकूल अवस्थामा पनि यतिमा छौं तर यतिमा हामी चाहिँ सन्तोष गरेर बस्ते ठाउँ चाहिँ छैन किनभने हाम्रो आर्थिक आधार नै तल छ । अरूको तुलनामा तल छ । यही रूपमा हामी बस्न सक्दैन । सीमान्तक्रित रूपमा अलि अलि बढ्यो भनेर पनि चित्त बुझाउने अवस्था छैन । हामीले आर्थिक वृद्धि दर निकै बढाउनु छ तर निकै बढाउनु भनेर विनातयारी विनाकाम हामी यति प्रतिशत आर्थिक वृद्धि गर्छौं ८/१० पुऱ्याउँछौं भन्दैमा हुने होइन त्यसले चाहिँ विश्वसनीयता खास्किन्छ । अब हामी जे भन्छौं । टार्गेट राख्छौं रियलस्टिक टार्गेट राख्छौं र त्यो पूरा गर्छौं ।

अहिले जनताले खोजेको सन्देश के छ भने जे यो राजनीतिक संयन्त्रले सरकारले राजनीतिक दलहरूले जे बोल्छन् । बोल्याअनुसार हुँदैन । त्यसले गर्दा विश्वसनीयता खस्केको त्यसकारण चाहिँ यी वैकल्पिक जुन चाहिँ आइराख्या छन् । पार्टीहरू आइराख्या छन् । यिनले पो गर्छन् कि भनेर त्यहाँतिर आकर्षित भइरहेको कारण पनि के हो भने हामी अब जे गर्छौं । जे सम्भव छ । त्यति भन्छौं । त्यो चाहिँ पूरा नै गरेर देखाउछौं । त्यो किसिमबाट हामी गयौं भने मलाई लाग्दछ एउटा पोजेटिभ माहोल अब गर्छन् है, अब हुन्छ है भन्ने सन्देश गएपछि हुन्छ । मलाई पूरा विश्वास छ ।

हामी अहिले बाह्य हाम्रो वैदेशिक मुद्रा सञ्चिति हामी चाहिँ एकदम कम्फर्टेबल सिचिएसन । १० महिना प्लस हाम्रो चाहिँ यो सञ्चिति भनेको चाहिँ राम्रो सञ्चिति हो वैदेशिक मुद्रा यद्यपि त्यो चाहिँ रेभिटेन्सको ठुलो कन्ट्रिब्युसन छ । अब चाहिँ यो टुरिजमले त्यसलाई चाहिँ कन्ट्रिब्युट गर्छ । अवश्य पनि व्यापार घाटा ठुलो छ । एक दसको रेसियो छ । हामी १० इम्पोट गर्छौं भने १ एक्स्पोर्ट गरिरा' छौं । त्यो स्विकार्य छैन । अब कसरी घटाउने त यो व्यापार घाटालाई कसरी घटाउने? भन्दाखेरि घटाउने उपाय छ । पावर सेक्टरमा अहिले चाहिँ राम्रो लगानी आइराख्या छ । विदेशी पनि आइराख्या छ । नेपालीहरू २/३ मेगावाटबाट सुरु गरेर अहिले चाहिँ २ सय ३ सय मेगावाट एम गरिरा' छ । आफ्नै क्षमता त्यहाँ वृद्धि भइरा' छ यत्रो हामी चाहिँ अस्थिरता द्वन्द्व सम्पूर्ण परिपेशबाट गुज्रिँदा पनि यो कुरो चाहिँ सेक्टर अगाडि बढिरा' छ । वेट सिजनमा बर्खायाममा हाम्रो चाहिँ विद्युत्को सर्प्लस भारतमा निर्यात पनि गर्न थाल्यौं पहिलोपटक यो खुसीको कुरा हो तर सुख्खायाममा अझै समस्या छ । अझै हाम्रो डेफिसिट छ । त्यही त्यसले गर्दा उताबाट आयात गर्नुपर्या छ त्यो आयात त्यो निर्यात गर्दा आ'कोले फेरि आयात गरेर तिर्दाखेरि खासै हामीले जोगाउन सक्या छैनौं । त्यसकारण अब जलासययुक्त आयोजना दुधकोशी र यो अरुणको कुरा चाहिँ वर्ल्ड बैङ्क र एडीबीले यसमा गम्भीर

यसमा लगानी गर्ने इच्छा देखाइराख्या छ । यसलाई अगाडि बढाउन चाहन्छौं । अरुण पनि यो अरुण तल्लो भारतले अरुण अर्कोमाथि पुऱ्याउँदै छ नेक्स्ट इयर सतलजबाट अहिले दोस्रो पनि लिँदै छ भनेसी यसबाट पनि अब हाम्रो विद्युत् आपूर्ति हाम्रो आत्मनिर्भरता बढ्छ र निर्यात पनि हामी गर्छौं । त्यसबाट पनि यो हाम्रो व्यापार घाटा दीर्घकालमा हामी घटाउछौं । खालि निर्यातबाट होइन । आयात प्रतिस्थापनबाट पनि हामी व्यापार घाटा घटाउछौं । कसरी घटाउछौं । अब यहाँहरूले भन्या जस्तैः देश अब ग्रिन इकोनोमीमा हरित अर्थतन्त्रमा हामी जानुपर्छ । हामीसँग हाइड्रोपावर छ । सोलारबाट पनि केही सप्लिमेन्ट्री हुन्छ भनिसकेपछि अब हाम्रो ट्रान्सपोर्टेसन सिस्टमलाई यातायात प्रणालीलाई अब पूरै विद्युत्मा आधारित बनाउँदै हामी ला'नुपर्छ । यसमा अब नागरिकहरूको पनि इन्ट्रेस्ट बढ्या छ । अहिले इलेक्ट्रिक गाडीको सङ्ख्या पहिला फाट्टफुट्ट देखिन्थ्यो व्यापक रूपमा बढ्या छ । त्यसकारण पूर्ण रूपमा इलेक्ट्रिक ट्रान्सपोर्टेसन सिस्टममा अब ला'नुपर्छ त्यसको अब टार्गेट हामीले घोषणा कति वर्षमा हामी अब फ्युलबेस यो चाहिँ फोसियल फ्युलबेस पेट्रोलियम पदार्थमा आधारित यो गाडीहरू चाहिँ दर्ता नगर्ने एउटा हामीले वर्कआउट गरेर त्यसको एउटा निश्चित लक्ष्य निर्धारण गर्नुपर्छ ।

सँगसँगै हाम्रो कुकिङ सिस्टम, अब यो कुकिङ सिस्टमलाई पनि इलेक्ट्रिक बेस ला'नुपर्यो त्यसले गर्दा देशभित्रै बिजुलीको खपत बढ्छ । उद्योग व्यवसायमा पनि उद्योग व्यवसायमा लगानीमार्फत विद्युत्को खपत बढ्छ र जब विद्युत् यो ट्रान्सपोर्टेसन र कुकिङ सिस्टममा विद्युतीय माध्यमलाई अपनाउछौं । ठुलो एमाउन्टमा हामी यो पेट्रोलियम पदार्थ ग्यास कुकिङ ग्यास किन्नको लागि जुन हामीले खर्च गरिरा' छौं । त्यो खर्च गर्नुपर्दैन । त्यो हुनेबित्तिकै हाम्रो व्यापार घाटा घट्छ ।

त्यस्तै अरू सेक्टर हाम्रो कृषिको कुरा माननीयज्यूहरूले उठाउनुभा'को छ । कृषिमा कहाँ चाहिँ अब हाई भ्यालू क्रप्सका कुराहरू अब हाम्रो यत्रो चाहिँ ट्रेडिसन्ल नलेज रैछ । यस्तो राम्रो हाम्रो विभिन्न शीर्षहरू विभिन्न प्रकारका उत्पादन अत्यन्त पोषणयुक्त हामीले त के गरेका छौं भने यो हाम्रो चिज चाहिँ यो पछौटेपनको प्रतीक हो । अरूले जे गर्यो त्यही गर्नुपर्छ भनेर यो सबै कुरालाई छोडेछ । अब यसलाई हामीले प्रिजर्भ गर्नुपर्छ । यसमा हामीले लगानी गर्नुपर्छ । प्राकृतिक खेती र अर्न्यानिक खेतीलाई प्रोमोट गर्नुपर्छ । हाम्रो ट्रेडिसनल सिड्सहरूलाई फेरि चाहिँ रिभाइभ गर्नुपर्छ र यसमा आधारित उत्पादनलाई बढाउनुपर्छ । त्यसको भ्यालू नै बेग्लै हुन्छ । संसार यसको ठुलो माग छ । त्यसरी नै अब हामीले कृषिको रूपान्तर यो पर्यटन व्यवसायको रूपान्तर पावर सेक्टरबाट रूपान्तरण आईटी सेक्टर रूपान्तरण र उद्योग व्यवसायमा जहाँ जहाँ हाम्रो एड्भान्टेज छ । यसमा लगानीलाई बढाउनुपर्छ । त्यसकारण चाहिँ दीर्घकालीन

मध्यमकालीन हाम्रो लक्ष्य त्यो हो । अल्पकाल भनेको अहिलेको बजेट हो । तपाईंले तीनटा भन्नुभयो नि अल्पकाल, मध्यमकाल र दीर्घकालमा के छ योजना के गर्दै हुनुहुन्छ भन्दा अल्पकाल भनेको बिगिनिङ यो चाहिँ आउँदो बजेट हो । अब बजेटलाई यद्यपि अझै वर्कआउट गर्दै छौं । म पनि एकैताल आउँदाखेरि त्यसको एकदम गहिराइमा पुगेर एउटा चाहिँ निष्कर्ष निकाल्न कठिन भइराख्या छ । अहिले स्रोत, साधन अत्यन्तै न्यून छ । यो राजस्व एकदमै कम छ ।

यहाँहरूले चासो चिन्ता व्यक्त गर्नुभो' के अब त तलब खुवाउने पैसै छैन रे । तलब भत्ता दिने नै पैसा छैन रे त्यस्तो चाहिँ होइन । साधारण खर्चभित्र माननीयज्यू तलब भत्ता त पर्छ पर्छ । सामाजिक क्षेत्रमा जुन हामी खर्च गर्छौं । सामाजिक सुरक्षा वृद्धा भत्तालगायत यी तमाम् खर्च पनि पर्छन् । त्यस्तै गरेर स्वास्थ्य, शिक्षामा लगानी पनि पर्छ । त्यस्तै प्रदेशहरूलाई दिने कतिपय अनुदानहरू पनि त्योभित्र पर्छ । त्यसो हुनाले त्यो साधारण खर्च चाहिँ हाम्रो पुँजीगत खर्चभन्दा ज्यादा र त्यसबाहेक यो राजस्वभन्दा ज्यादा देखियो । अवश्य पनि यो चाहिँ राम्रो कुरो होइन । कम से कम साधारण खर्च त हामीलाई राजस्वले भ्याउनुपर्यो । त्यो भ्याउने बाटोतर्फ हामी चाहिँ सुरुआत बिस्तारै गर्छौं ।

यसो भनिरहँदा अब यो राजस्वलाई आउने वर्ष त बढाउनुपर्यो बढाउने कसरी भन्दा त फेरि अर्थतन्त्र त चलायमान गरेर बढाउने जबर्जस्ती उठाएर त चल्दैन । त्यसकारण कसरी अर्थतन्त्रलाई चलायमान बनाउनेभन्दा मौद्रिक र फिस्कल पोलिसीमार्फत यो पुँजी प्रवाह गरेर आर्थिक गतिविधिलाई बढाउने हो त्यसरी यसलाई यो आउँदो वर्षमा अर्थतन्त्रलाई चलाउने हाम्रो चलायमान गर्ने हाम्रो लक्ष्य छ । यसमा समस्या एक दुइटा के छ भने माननीयज्यूहरूले पनि उठाउनुभा'को छ । जस्तो हामी बहुवर्षीयमा गयौं । यो चाहिँ सिङ्गल इयरमा ठेक्का लगाउँदा अलिकति काम बाँकी रहन्छ । अब ठेक्काको अवधि सकियो । फेरि ठेक्का लाउनुपर्यो झमेला भो' भनेर बहुवर्षीयमा त गयौं । त्यो चाहिँ राम्रै कन्सेप्ट थियो । तर हामीले के गर्दै छौं भने

देखि अलि अनुशासनमा हामी चाहिँ त्यसमा फेरि रहेनौं । अब के भने ५० करोडको आयोजना छ । हामीले लेख्न चाहिँ स्रोत सुनिश्चितता भनेर लेख्दियौं । लेखेर दियौं । ठेक्का लाग्यो । ५० करोडको ठेक्का लाग्यो । पैसा ५० लाख छ । राख्या छ ५० लाख छ । अब त्यस्तो चाहिँ भौतिक योजना मन्त्रालयले पनि के भन्यो भने ४ खर्बको त्यो किसिमको कमिट्मेन्ट छ भनिसकेपछि अब यस्तो किसिमबाट हामी जानुहुँदैन । बहुवर्षीय गरौं ठिक छ तर जति आयोजना हामी सेलेक्ट गर्छौं । सीमित गरौं । पूरा गर्ने गरेर गरौं । यहाँहरूको पनि त्यही चासो चिन्ता छ । हामीले देखाउनको लागि त्यो सबै राख्द्या छौं भनेर देखायौं । हामी

माननीयज्यूहरूलाई प्रेसर जनताको आवश्यकता धेरै छ । माग धेरै छ । माग गर्नु स्वाभाविक पनि हो । माननीयज्यूहरूले पनि सकेसम्म पूरा गर्न पाए । हामीले पनि जनताले गर्यो भन्ने ठान्छ भनेर यहाँ माग आयो । अनि सरकारले पनि अब के गर्ने यत्रो चाहिँ साराको माग छ भनेर हामीले नाउ चाहिँ राख्दियौं । पैसा सुनिश्चित छैन । अब त्यसको परिणाम के हो । त्यहाँ ग्राउन्डमा काम देखियो । पैसा थिएन त कहाँबाट देखिन्थ्यो । जहाँ चाहिँ पैसा थियो त्यहाँ त राम्रो खर्च गर्न सक्या छैनौं भने पैसै नभा'को ठाउँमा त देखिने कुरै भएन त्यसले गर्दा के भयो? यो भन्ने मात्रै रैछ यत्रो योजना भने हुन चाहिँ केही भएन भन्ने सन्देश गयो ।

त्यसकारण अब हामी चाहिँ मेरो प्रयास के हुन्छ भने कति मैले थेग्न सक्छु । मलाई थाहा छैन । फ्रयाङक हुनुपर्छ मैले यत्रो चाहिँ दबाब छ । यद्यपि प्रदेश, स्थानीय निकायले सानो सानो आयोजना त्यहीबाट सम्पन्न गर्ने कुरो केन्द्रले ठुला आयोजनाहरू मात्रै लिऊँ । अति आवश्यक ठुलो स्कोप भएको आयोजना मात्रै गरौं । राष्ट्रिय गौरवको आयोजना रणनीतिक सडकहरू महत्त्वपूर्ण आयोजनाहरूमा हामी केन्द्रित हौं भने नै हो । तैपनि मागहरू यहाँ चाहिँ बेस्कन आ'का आई छ । अब त्यसलाई चाहिँ होइन यस्तो समस्या छ भन्दा पनि सबैलाई चाहिँ चित्त बुझाउन हैन सकिहाल्नुहुन्छ नि । अर्थमन्त्रीले सकिहाल्छ नि भन्ने कुरो छ । मैले त सबै कुरो सक्ने कुरो छैन । सम्पूर्ण मन्त्रालयबाट सिस्टमबाट आएसी मात्रै त्यहाँ चाहिँ कति बजेट एभाइलेबल छ । त्यो चाहिँ बाँडफाँट गर्ने हो । त्योभन्दा अरू त मैले गर्न सक्दिनँ । त्यसकारण दबाब छ । तर मेरो प्रयास के हुन्छ भने थोरै आयोजना राखौं । सबभन्दा ज्यादा प्रभावकारी आयोजना हामीले सेलेक्ट गरौं र त्यो चाहिँ पूरा नै गरौं । त्यो किसिमको प्राथमिकताका साथ म जान चाहन्छु । यहाँहरूको पूर्ण सहयोगको मैले अपेक्षा गर्या छु ।

त्यसकारण सेक्टरल प्राइरिटी मात्रै होइन । सेक्टरलभित्र पनि सबभन्दा प्रभावकारी आयोजना कुन हुन्छ । सबभन्दा ज्यादा जनतालाई चाहिँ मद्दत पुग्ने आयोजना के छ । त्यस्तै गरेर प्रदेश र स्थानीय तहलाई पनि त्यही किसिमको एउटा सन्देश त्यहाँबाट पनि त्यही किसिमको काम हुन चाहिँ जरुरी छ । यी सबै भयो भने मलाई लाग्छ । अल्पकालमा यो वर्षमा हामीलाई निकै आशाप्रद बाटोतर्फ हामीले अर्थतन्त्रलाई उन्मुख गराउन सक्छौं । जति पनि यो प्राइजका कुरा गर्नुभा'को छ । उत्पादन वृद्धि गर्नेका कुरा गर्नुभा'को छ । स्वदेशी उद्योग व्यवसायलाई बढाउने कुरा गर्नुभा'को छ । त्योतर्फ हामी चाहिँ उन्मुख हुन्छौं भन्ने लाग्छ । अनि मध्यकालमा अनि हामीले यो चाहिँ पावर सेक्टरलाई अझ जम्प गर्ने पूरै चाहिँ यो ट्रान्सपोर्टेसन, कुकिङ सिस्टममा इलेक्ट्रिफाई गर्ने त्यसपछि व्यापार घाटा सिग्निफिकेन्टली घटाउने । हामीहरू लगानीको प्रभावकारिता बढाउने स्वदेशी हाम्रो गैरआवसीय नागरिकहरू

नेपालीहरूको लगानीलाई जहाँ जहाँ अप्ठ्यारो छन् । त्यसलाई सहज बनाउने त्यसकारण अहिले पैसाको सँगसँगै पोलिसी इन्टरभेन्सनको आवश्यकता । कतिपय हामीले के गर्या रैछौं भने अनावश्यक अढङ्गा लगाउने नियम त्यस्तो चाहिँ छिर्या छ । जो जसको औचित्य छैन । कतिपय यो निर्देशिका, कतिपय अरू ऐन यी यसमा पनि हामीले सुधार्न आवश्यकता छ । सहज सरल बनाउन जरुरी छ । भन्या मतलब जुन उद्यमशील नागरिकहरू छन् । युवाहरू छन् । सिर्जना छ । सम्भावना छ । केही गरौं भन्ने भावना छ । यहीं गरौं भन्ने भावना छ । त्यसलाई फेसिलेट गर्ने सरकारले । त्यो काम गर्यौं भने यो अर्थतन्त्रको पाइ त्यसको आकार बढ्छ । आकार बढेपछि राजस्व बढ्छ । राजस्व बढेपछि हाम्रो बजेट ठुलो हुन्छ । बजेट ठुलो भयो भने अनि पछाडि परेको क्षेत्र, समूहलाई जुन हामी सामाजिक सुरक्षाका कुरा गरिराख्या'छौं । त्यसमा अझ ज्यादा हामी लगानी गर्न सक्छौं । आम्दानी चाहिँ छैन । हामी गछौं गछौं अनि भनेर कहाँबाट ल्याएर गर्ने विदेशीको विदेशी सहयोग सामाजिक सुरक्षामा खर्च गर्न पाइँदैन । तलब भत्तामा खर्च गर्न पाइँदैन । त्यसपछि आन्तरिक चाहिँ ऋण लिनुपर्‍यो । आन्तरिक ऋणको ब्याज बढिरा'छ । उल्टो चाहिँ के छ हाम्रो ऋणको भार बढिरा'छ । अहिले चाहिँ हामलाई बजेट बनाउन त्यही समस्या त्यही कारण । एकातिर राजस्व कम भो' । अर्कोतिर चाहिँ भूकम्पमा ल्या'को ऋण पनि तिर्ने चाहिँ बेला आयो । ब्याजदर बढ्यो । हाम्रो चाहिँ यो सालमा तिर्नुपर्ने ऋणको आकार नै ह्वात्तै बढ्यो । अब चाहिँ थोरै पैसा त्यहाँमाथि पनि ठुलो एमाउन्ट चाहिँ विदेश र स्वादेशको जुन ऋण ल्याथ्यौं । त्यो तिर्नै पर्छ साँवा ब्याज इस्टलमेन्ट । त्यो तिरेन भने हामीलाई चाहिँ डिफल्टर घोषित गर्दिन्छ । कालो सूचीमा हामी जान्छौं । भनेपछि त्यो त तिर्नै पर्‍यो । त्यतातिर चाहिँ ऊ गर्दाखेरि हाम्रो चाहिँ पूँजीगत खर्च चाहिँ यसपाला चाहिँ जति हामीले खर्च गर्न खोज्या छौं । त्यति चाहिँ नहुने भो' ।

आन्तरिक बरु एकदम ठुलो गरेर चाहिँ ठुलो ब्याज तिरेर चाहिँ यहाँ विकास गरौं भन्ने भने पनि यहाँको बैङ्क जति पनि यो जहाँ चाहिँ सञ्चिति छ । त्यो पैसा सरकारले जम्मै लिदियो भने के हुन्छ? त्यसको परिणाम के हुन्छ भनेपछि सरकारले कसरी तिर्न सक्छ । त्यो चिन्ता त छँदै छ । त्यसको सँगसँगै निजी क्षेत्रमार्फत जुन खर्च पैसा प्रवाह हुने हो नि । यतातिर ल्याइदिएपछि त्यहाँबाट चाहिँ खर्च हुने त्यो चाहिँ आकार घट्छ । फेरि त्यताबाट सङ्कुचन आउँछ । त्यहाँ पनि सङ्कुचन गर्न भा'को छैन । त्यसो भएको हुँदा विदेशी सहयोगलाई पनि अब अत्यावश्यक क्षेत्रमा हाम्रो Terms of condition मा Hard Negotiation जे मा पनि लिइदिने? त्यसको चाहिँ प्रतिफल राम्रो छैन । मैले अहिलेदेखि वर्ड ब्याङ्क एडीबीदेखि बाई ल्याटर डोनरहरूसँग भन्या छु । अब हामीले ऋण लिँदा लिन पायो भनेर मख्ख पर्ने होइन । कुन

क्षेत्रमा त्यो ऋण लिँदा परिणाम आउँछ? जस्तै हाम्रो परिवारले कसैले ऋण लियो भने कसरी त्यो ऋण तिर्ने? यो के मा खर्च गर्ने? खर्च गरेर के उत्पादन गर्छ? हिसाब किताब गरेर गर्नुपर्छ नि । त्यस्तै गरेर देश भनेको पनि विस्तारित परिवार । त्यो गर्नुको चाहिँ विकल्प छैन ।

त्यसकारण अन्तिममा, म धेरै लामो कुरा नगरीकन यहाँहरूलाई म के विश्वास दिलाउन चाहन्छु । भने अहिले चाहिँ हाम्रो आर्थिक बृद्धि हामीले सोँच्या जस्तो नभए पनि धेरै खराब छैन । त्यस्तै गरेर हाम्रो बाह्य सञ्चिति राम्रो छ । हाम्रो खाली यो ब्याजदर ज्याँदा हुनाले यो चाहिँ यो लगानी धेरै भइराख्या छैन । हाम्रो अर्थतन्त्रमा पूँजी प्रवाह भइरा' छैन । सरकारी खर्च पनि प्रभावकारी ढङ्गबाट समयमा खर्च नहुनाले त्यसबाट पनि केही सङ्कुचन आ' छ । यो चाहिँ घटाउनै नसक्ने, गर्नै नसक्ने काम होइन । गर्न सकिन्छ । हामी गर्छौं । मलाई चाहिँ राष्ट्र बैङ्कको पनि सहयोग चाहिन्छ । यहाँहरूले पनि भन्नुहोला । उहाँहरूलाई मैले भन्याभने छु । गर्छु भन्नुभा' छ । गर्छु भनेपछि विश्वास गर्नुपर्‍यो । तर धेरै पर्खिने समय छैन ।

हाम्रो सरकारी खर्चतर्फ पनि अब प्रभावकारिता बृद्धि गर्ने कुराहरूलाई चाहिँ हामी मध्यनजर राख्छौं । साना आयोजना मेरो चाहिँ नियन्त्रणले भ्याएसम्म तलबाट गरौं । तर यो कार्यक्रम केन्द्रको गर्ने चाहिँ तपाईंहरूले हो । गाइड लाइन यो हो । सुपरभिजन हामी गर्छौं । भनेर भनौं । ठुलो आयोजनालाई चाहिँ केन्द्र चाहिँ केन्द्रित हौं । यो नै मलाई लाग्दछ । यसमा जति पनि यहाँ चाहिँ यहाँहरूको सुझाव छ, सल्लाह छ । त्यसलाई पूरा आत्मसात् गर्दै यहाँको जुन भावना छ । चिन्ता छ । चासो छ । राम्रो होस् । धेरै बिग्रिसक्यो कि? भनेर जुन चाहिँ चासो चिन्ता लिएर यो चाहिँ सार्वजनिक महत्त्वको प्रस्ताव यहाँ ल्याएर मलाई चाहिँ यो यसमा बोल्ने अवसर दिनुभो' । वास्तवमा यो अवसर दिनुभो' भन्छु म । तपाईंहरूले यो गर्दिया हुनाले यो चाहिँ गरिमामय संसदमार्फत मैले चाहिँ जनतालाई जनताको बिचमा पनि यो कुरालाई पुगिरा'छ । तपाईंहरूको बिचमा पनि पुगिरा'छ भन्दै मलाई लाग्छ । यहाँहरूले चाहिँ उठाउनुभा'को महत्त्वपूर्ण विषयलाई मैले चाहिँ यहाँ सम्बोधन गरें होला भन्ने लागेको छ । फेरि पनि यो अवसरको लागि तपाईंहरूको ध्यानाकर्षण यो चाहिँ सार्वजनिक महत्त्वको प्रस्तावको लागि धन्यावाद । जय नेपाल ।

(१६:२४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय मदन कुमारी शाह (गरिमा) प्रस्तावक र माननीय अनिता देवकोटा, माननीय खिमलाल देवकोटा, माननीय जयन्ती देवी राई, माननीय जितेन्द्र नारायण देव, माननीय तुल प्रसाद विश्वकर्मा, माननीय दिल कुमारी रावल थापा "पार्वती", माननीय प्रमिला कुमारी, माननीय डा. विमला राई पौड्याल, माननीय शेखर कुमार

सिंह र माननीय सुरेश कुमार आलेमगर समर्थक भई पेस गर्नुभएको उक्त जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल वैशाख १४ गते बिहीवार १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल वैशाख १४ गते बिहीवार १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः १६:२५ बजे ।**